संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १४, ● पूर्णाङ्क २९०, ● अंक ६ ● २०७९ साल मंसिर १५-२९ गते (2 December , 15 December, 2022) ● मूल्य रु. १०



# अबको मुख्यमन्त्री को ?

मंसिर ४ गते सम्पन्न चुनावको मतगणना अधिकाँश ठाउँमा सम्पन्न भइसकेको छ। केही ठाउँमा जारी छ भने चुनाव हुन बाँकी रहको ठाउँमा सुरु भइसकेको छ। मतगणनाबाट आएको मतपरिणामा आधारमा सत्ता समिकरणका लागि गृहकार्य सुरु भइसकेको छ। प्रदेशदेखि केन्द्रसम्म कुन दलसँग कस्तो सरकार बनाउने भनि दलहरुको बीचमा गृहकार्य सुरु भइसकेको छ।

नेपाली काँग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले विभिन्न दलका नेताहरुलाई बालुवाटारमा बोलाएर छलफल सुरु गरिसक्नु भएको छ। सत्ता गठबन्धनमा रहेका दलहरुका अध्यक्षहरुलाई छुट्टा छुट्टै बोलाएर छलफल गरिरहनु भएको छ। उहाँले एकचरण माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरसँग कुराकानी गरिसक्नु भएको छ।

यहाँसम्म कि उहाँले गठबन्धन बाहिर रहेका जनमत पार्टीका अध्यक्ष सिके राउतसँग पनि कुराकानी गरिसक्नु भएको छ। सप्तरी २ मा चुनाव जित्नु भएको सिके राउत जनतालाई धन्यवाद दिने कार्यमा व्यस्त हुनुहुन्थ्यो। त्यही अवस्थामा प्रधानमन्त्री देउवालाई उहाँलाई काठमाडौं बोलाउनु भएको छ। उता, महोत्तरी ३ मा चुनाव जित्नु भएका लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई पनि काठमाडौं बोलाउनु भएको छ। अध्यक्ष ठाकुरले मतदातालाई भेटेर धन्यवाद पनि दिन पाउनु भएन। प्रधानमन्त्री देउवाले यी जतिजनासँग कुराकानी गर्नुभयो। सबैजनाले गठबन्धनको सरकार बनाउनमा सहमति जनाउनुभएको स्रोतले जनाएको छ।

तर सरकार गठनको कुरा केन्द्र मात्र होइन, प्रदेश पनि हो। केन्द्रमा गठन हुने सरकारकै अनुसार प्रदेशहरुमा पनि सरकार गठन हुने त्यसमा पनि दलहरुले छलफल सुरु गरेका छन्। सरकार गठन मात्र होइन, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखलगायतको मनोनय पनि दलहरुको बीचमा छलफलको विषय बनेको छ। कुन प्रदेशमा कसको नेतृत्वमा सरकार गठन गर्ने कुरा प्याकेजमै सहमति गर्ने प्रयास भइरहेको छ।

मधेश प्रदेशमा लगभग प्रत्यक्षतर्फ प्रतिनिधि सभा र प्रदेश सभा सदस्यका लागि भएको मतगणना लगभग सम्पन्न भएको छ। मधेश प्रदेशमा प्रदेश सभातर्फ सबभन्दा ठूलो पार्टी एमाले भएको छ। एमालेले प्रत्यक्षतर्फ १५ र समानुपातिकमा ८ सहित २३ सीट हात पारेको छ भने काँग्रेसले प्रत्यक्षमा १३, समानुपातिकमा ९ गरी २२, जनता समाजवादीले प्रत्यक्षमा नौ र समानुपातिकमा ६ सहित १५, लोकतान्त्रिक पार्टीले प्रत्यक्षमा सात र समानुपातिकमा २ सहित नौ, जनमत पार्टीले प्रत्यक्षमा छ र समानुपातिकमा सातसहित १३ नकेपा माओवादी केन्द्रले प्रत्यक्षमा ४ र समानुपातिक ४ गरी आठ, नेकपा एकीकृत समाजवादी पार्टीले प्रत्यक्षमा चार र समानुपातिकमा ३ गरी सात र स्वतन्त्रको प्रत्यक्षमा मात्र ६, राष्ट्रिय प्रजातन्त्र पार्टी समानुपातिकमा २ र नेपाल संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले समानुपातिकमा १-१ गरी जम्मा १०७ सीट पुगेको छ। प्रत्यक्षमा ६४ जितेका छन् भने समानुपातिकमा ४३ जना चयन हुनेछन्।

सबै सीटको टुगों लागि सकेपछि अब कसको नेतृत्वमा सरकार बन्ने चर्चा सुरु भएको छ। सिके राउत नेतृत्वको १३ वटा सीट निर्णायक भएको कारण त्यहाँ कसको नेतृत्वमा सरकार बन्छ त्यो सिके राउतको हातमा रहेको आम बुझाई रहेको छ। यो कुरा सिके राउतले समेत भन्नुभएको छ। उहाँले आफूहरु मधेश प्रदेशमा निर्णायक सीट लिएर आएको कारण सरकारको नेतृत्व गर्ने पहिलो दावी आफूहरुको रहने बताउनु भएको छ। गत २०७४ को चुनावमा मधेश केन्द्रीत दल (अहिलेका जसपा-लोसपा) ले मिलेर सरकार बनाएको थियो। तर यसपटक काँग्रेस र एमाले ठूलो दल बनेर आएको कारण ती दुवै दलमध्ये एउटाले सरकारको नेतृत्व गर्ने लगभग निश्चित जस्तै देखिन्छ।

मधेश प्रदेशमा जम्मा प्रदेश सभा सदस्य १०७ हुन्छ। जसमा ६४ वटा प्रत्यक्षबाट र ४३ वटा समानुपातिकबाट हुन्छन्। सरकार बनाउन कम्तीमा ५४ जना सांसद चाहिन्छ। जुन दलले ५४ जना प्रदेश सांसद जुटाउन सक्छन् त्यो दलले मात्र सरकारको नेतृत्व गर्न पाउने प्रावधान रहेको छ। सत्ता गठबन्धनको सीट जोड्दा ४६ पुग्छ। सरकार बनाउन आठ सीट कम हुन्छ। त्यहाँ सिके राउतले सहयोग नगरे सम्भवै छैन। स्वतन्त्रबाट सहयोग लिए पनि नागरिक उन्मुक्ति पार्टी र राप्रपाले सहयोग गर्नुपर्छ। यी खुद्रा सीटहरुले लिएर सरकार बनाउनु भन्दा सत्ता गठबन्धनले सिके राउतलाई नै साथमा लिएर सरकार बनाउन चाहेको छ।

त्यहाँ जसपाको पनि साथ लिन सकिन्छ। उपेन्द्र यादवलाई सत्ता गठबन्धनमा ल्याउने प्रयास भइरहेको छ। त्यसका लागि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले उपेन्द्र यादवसँग कुराकानी

बाँकी पृष्ठ १२ मा


## झण्डा हलाउँदै हारेकाहरु

मधेश प्रदेशमा कतिपय बहालवाला मन्त्रीहरु पराजित भएका छन्। मधेश प्रदेश सरकारका अर्थ मन्त्री शैलेन्द्रप्रसाद साह सप्तरी २ (क) मा पराजित हुनुभएको छ। जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य समेत रहनु भएका मन्त्री साह जनमतका उम्मेदवार सतिशकुमार सिंहबाट दोब्बर मतले पराजित हुनुभएको छ। सतिशुकुमारले १६ हजार ७३४ मत ल्याउन मन्त्री साहले आठ हजार २९२ मतमै सिमित हुनुभयो।

त्यस्तै, भूमी, व्यवस्था, कृषि तथा सहकारी मन्त्री विजय यादव पनि पराजित हुनुभएको छ। जनता समाजवादी पार्टीका कार्यकारिणी सदस्य एवं कोषाध्यक्ष समेत रहनुभएका मन्त्री यादव जनमत पार्टी सचिव संजय यादवबाट पराजित हुनुभएको छ। संजय यादवले १२ हजार १७१ मत ल्याउन मन्त्री यादवले ११ हजार ५२७ ल्याउनुभएको छ। यस्तै मधेश सरकारकै भूमी, व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्रराय यादव पनि पराजित हुनुभएको छ। जसपाबाट रौतहट १ (ख) मा उम्मेदवार रहेका उहाँ कांग्रेसका मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवसँग पराजित हुनुभएको छ। कृष्णप्रसाद यादवबाट चुनाव मात्र हार्नुभएको छैन उहाँ तेस्रो स्थान प्राप्त गर्नुभएको छ। कृष्णप्रसाद यादव १२ हजार ४८९ मत ल्याउँदा तेस्रो स्थानमा

बाँकी पृष्ठ १२ मा

## यस भित्र


माओवादीलाई बाहिर भित्र दुबै ठाउँबाट धोका

● लेख, पृष्ठ ४



संसदमा आएका केही व्यक्तिका कारण संघीयता तथा हिचानवादीलाई चिन्तित बनाएको छ

● अन्तरवार्ता, पृष्ठ ५



सहिदका सपना साकार गर्न सक्रिय राजनीतिमा ममता चौधरी

● मध्यपृष्ठ, पृष्ठ ६



अधिकाँश सिनेकर्मीको जमानत जफत

● पृष्ठ ९



संजयले यसरी पुरा गर्नुभयो प्रदेश सभा सदस्यसम्मको सफर

● पृष्ठ १०

## अभिमत

## सम्पादकीय

# अशुभ संकेत

यसपालीको आमचुनावमा जनताले केही कुराको संकेत गरेको छ । जुन यो देशका लागि शुभ होइन । संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशी, धर्मनिरपेक्षता जस्ता कुरालाई नरूचाउने कतिपय शक्तिहरू जनताको मतबाट छानिएर आएका छन् । जनताबाट यसरी छानिनु भनेको उसको विचार, उसको सिद्धान्त र उसले लिएको धारणालाई अनुमोदन गर्नु हो । र, जनताले जसलाई जसरी अहिले अनुमोदन गरेको छ त्यो देशका लागि शुभ संकेत होइन । यद्यपी यो संकेत मात्र हो, यतिले मात्र देशलाई बिगार्न सक्दैन तर सचेत हुनु आवश्यक छ ।

जनताको इशारा ठूला राजनीतिक दल जो वर्षौदेखि यो देशमा संघीयता र लोकतन्त्र ल्याउनका लडेका थिए । संघीय गणतन्त्र ल्याउनका लागि बलिदानी दिएका थिए ती दलहरूले जनताको त्यो इशारा बुझ्नु पर्छ । अहिले नै ती इशारालाई बुझ्न सकिएन भने पछि सम्हाल्न गाह्रो हुनेछ । ती दलहरूको आकार घटाउनु र केही नयाँलाई प्रवेश गराउनु भनेको नै जनताले संकत दिनु हो ।

२०६४ मा नेपालमा गणतन्त्रको घोषणा भयो । दोस्रो पटकको संविधान सभाले २०७२ मा नयाँ संविधान जारी गर्‍यो । देशमा गणतन्त्र घोषणा भएको १५ वर्ष भएको छ भने गणतान्त्रिक संविधान जारी भएको सात वर्ष मात्र भएको छ । यो एकदमै छोटो समय हो । गणतन्त्र शीशु अवस्थामा मात्र रहेको छ । शीशु अवस्थामा नै यसमाथि धावा बोल्नु राम्रो संकेत होइन । पक्कै पनि यसका स्टेकहोल्डरबाट कतै नकतै मिस्टेक भएको होला । लापरवाही भएको होला, त्यही भएर जनताले बाध्य भएर यो संकेत गरेको हो । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र त आयो तर त्यसलाई राम्रोसँग चलाउन सकेनन् ।


जनतालाई राम्रोसँग 'डेलिभरी' दिन सकेन । देशमा गणतन्त्र छ भनि जनताले अनुभूत गर्न पाएन । एउटा राजा गएपछि थुप्रै साना राजाहरू आए भनि जनताले भन्न थाल्यो । दल र त्यसका नेताहरूमाथि जनताले अविश्वास गर्न थाल्यो । नेताको नाम सुन्ने वित्तिकै नाक खुम्चाउन थाल्यो । नेताको मुखमा त होइन, परोक्षमा नेतालाई 'चोर' नै भन्न थाल्यो । यस्तो किन भयो त राजनीतिक दलका नेताहरू एकपटक गोलमेच सम्मेलन गरेर मनन गर्नुपर्ने दिन आइ सकेको छ । जनताले संकेत गरेर त्यो सम्मेलन गर्ने मौका पनि दिएको हो, यसलाई नजरअन्दाज गर्नुहुँदैन । नत्र गणतन्त्र र संघीयता ल्याउनमा कुनै योगदान नै रहेका रवी लामेछानी जस्ता व्यक्तिले शक्तिशाली नेताहरूको दिमागमा घण्टी बजाई दिएका छन् ।

'राजा आउ देश बचाउ' नारा लगाउने राजेन्द्र लिङ्देल जस्ता व्यक्तिले ती ठूला दलको दिमागमा हलो चलाई दिएका छन् । मधेश आन्दोलन तथा जनआन्दोलनमा कुनै योगदान नै नदिएका सिके राउत जस्ता व्यक्तिहरूले गणतन्त्र र संघीयताका लागि रगत बगाएका ती दिग्गज नेताहरूको कानमा हौरन बजाई दिएका छन् । स्वतन्त्रबाट पनि यस्ता व्यक्तिहरू आएका छन्, जसले संघीयतावादीहरूका लागि चुनौती थपि दिएका छन् । भोली बन्ने सरकार र त्यसपछि चल्ने संसदमा उनीहरूको उपस्थिति कस्तो रहनेछ, उनीहरूको प्रस्तुती कस्तो रहनेछ त्यसमा देशको भविष्य निर्भर हुनेछ । संसदमा आएका अधिकाँश नवआगन्तुकहरूले राम्रो गर्नसक्दैन भने कुरा धेरैले भनि रहेका छन् । देशमा अस्थिरता आउने नै भयो । सरकार तथा संसद राम्रोसँग नचल्ने भयो । कुनै दलको स्पष्ट बहुमत नभएको कारण सरकार गठन गर्न पनि त्यस्तै सकस हुनुदेखि लिएर संसदमा पनि कुनै एउटा विचार र एउटा निर्णय एकमतले पास नहुने देखिएको छ ।

संसदमा विभिन्न स्कूलिङ्ग तथा क्षेत्रबाट आएका छन् । उनीहरू राजनीति बुझे पनि सो क्षेत्रका लागि परिपक्क छैनन् । उनीहरूले जनतासँग विभिन्न प्रतिवद्धताहरू गरेर आएका छन् । त्यसलाई पुरा गराउन कोशिस गर्नेछ । जनतासँग गरेको प्रतिवद्धता पुरा गराउन लागेको छु भनि देखाउने प्रयास पनि गर्नेछ । त्यसले विभिन्न घटना परिघटनाहरू हुने अनुमानहरू भइरहेका छन् । त्यसले देशमा अस्थिरता ल्याउनुको साथै संघीयतामाथि नै असर गर्ने सक्ने अवस्थाको निर्माण हुनसक्छ । त्यसैले नेताहरूले यसको विषयमा बेलैमा सोचेर भएका त्रुटीहरू सच्याउनु पर्छ अस्थिरता निम्त्याउनेहरूलाई मौका दिनु हुँदैन ।

## तथ्यांक आफै बोल्छ

### अनलाइनमा हिंसा गर्ने व्यक्ति




## पाठक पत्र

saharatimes.com.np@gmail.com




### खिचरी संसद

यसपालीको संसद खिचरी हुने भएको छ । थ्रेसहोल्ड कटाउन नसकेपनि केही साना दलहरु पनि संसदमा आउने देखिएको छ । ठूला दलबाहेक भर्खर गठन भएको रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीले राष्ट्रिय पार्टी बन्ने लगभग निश्चित भइसकेको छ । राप्रपा र जसपा पनि राष्ट्रिय पार्टी बन्ने लगभग निश्चित भइसकेको छ । यता लोसपा र नेकपा एकीकृत समाजवादी पार्टी राष्ट्रिय पार्टी नबन्ने हो कि चिन्ता देखिएको छ । तर निर्वाचन आयोगकोले समानुपातिक मत काउन्ट गरिरहेको हुनाले यसै केही भन्ने अवस्था छैन । तर सहारा टाइम्सले लेखेको कुरा सत्य हो । ठूला दललाई सरकार बनाउने चिन्ताले सताएको छ भने साना दलहरुलाई राष्ट्रिय पार्टी बन्ने हो कि होइन, थ्रेसहोल्ड कट्ने हो कि होइन भनि चिन्ता देखिएको छ । त्यो जायज पनि हो ।

***सरोज पासवान, सिरहा, कल्यणपुर-५***

### जनमत बान्ला राष्ट्रिय पार्टी ?

अहिले चर्चा सिके राउतकै छ कि उपेन्द्र यादवको । सिके राउतले उपेन्द्र यादवलाई पराजित गरेपछि अहिले देशभर नै यसको चर्चा भइरहेको छ । उपेन्द्र यादव हार्नु अस्वभाविक होइन । सप्तरीबाट आजसम्म कसैले दोस्रोपटक जितेका छैनन् । उपेन्द्र यादवले इतिहासलाई कसरी ब्रेक गर्नुहुन्छ, यो सम्भव छैन र थिएन पनि । सप्तरीले प्रत्येकपटक आफ्नो प्रतिनिधि परिवर्तन गरिरहेको छ । यसपटक सिके राउतलाई चान्स दिएको छ । अर्कोपटक कसलाई दिने हो । त्यो थाह छैन तर सप्तरीले फेरि आफ्नो प्रतिनिधि परिवर्तन गर्नेछ भनि ग्यारेन्टी छ । उपेन्द्र यादव आफै हारेपनि उहाँले जसपालाई राष्ट्रिय पार्टी बनाउन सफल हुनु भएको छ । प्रतिनिधिसभामा आठवटा सीट जित्नुभएको छ र तीनलाख भन्दा बढी समानुपातिक मत कटाउनु भएको छ । तर सिके राउत आफूबाहेक अरु कसैलाई जिताउन सक्नु भएको छैन । आफ्नो पार्टीलाई राष्ट्रिय पार्टी बनाउन सक्नुहुन्छ कि सक्नु हुन्न त्यसको ग्यारेन्टी छैन ।

***महेश यादव, धनुषा, पिडारी चौक***

### मधेशमा असफल हुने काठमाडौँमा कसरी सफल !

मधेशमा कमजोर भइसकेका मधेशवादी दलहरु काठमाडौँमा आफ्नो स्थान खोज्नु मुर्खता हो । कुनै उम्मेदवारको जमानत बाँच्दैन । सबैको जमानत जफत हुन्छ । बेकारमा बेइज्जत हुनका लागि उम्मेदवार दिएका छन् । चुनाव नजिते पनि सम्मानजनक मत आए पनि राम्रै हुन्थ्यो तर यो अवस्था देखिएको छैन । अहिलेसम्मको मत परिणाम हेर्दा सबैको जमानत जफत भइसकेको छ । यो मतले गर्दा ती मधेशवादी दलप्रति मान्छे मनोवैज्ञानिक असर कस्तो पार्ला समयमा सोच्नुपर्ने हो । उम्मेदवारी दिलाएर मात्र हुँदैन । मधेशमा यी दलहरुलाई गाह्रो बनाएको छ । जसपा, लोसपाको मत त घटैकै छन् तर जनमतले पनि सोचे जस्तो मत ल्याउन सकेन । उसले प्रतिनिधि सभामा १ र मधेश प्रदेशमा ७ सीट जितेको छ । जनमतका लागि पहिलो चुनावमा सोचे जस्तो परिणाम ल्याउन सकिएको छैन । झन काठमाडौँमा मत ल्याउन धेरै टाढाको कुरा हो ।

***विवेक माझी, सुनसरी, हाल, काठमाडौँ किर्तिपुर***

### विकृत भयो समानुपातिक

सिएन थारुजीको लेख पढ्दा आनन्द आयो । यस्तै भइ दिए हुन्थ्यो जस्तो लाग्छ । तर त्यो भइरहेको छैन । सिएनजीले लेख्नु भएको लेख काल्पनिक जस्तो लाग्छ किनभने यो पुरा हुने अवस्थामा छैन । मिश्रित निर्वाचन प्रणाली विकृत हुने मुख्य कारण समानुपातिक निर्वाचन प्रणाली नै हो । राजनीतिक दलका नेताहरुले समानुपातिक सदस्य चयन गर्दा जुन हर्कतहरु गर्छन् त्यसले त यो समानुपातिक न भइ दिए नै राम्रो भन्न थालेका छन् । समानुपातिक सीट बेचविखन गर्नुको साथसाथै आआफ्ना नातागोतालाई दिने प्रणाली जस्तो भएको छ । समानुपातिक सीट आफन्त र आफ्नो परिवारको सदस्यभित्र सिमित भएको छ । बरु प्रत्यक्ष निर्वाचन प्रणालीले गर्दा केही फ्रेस मान्छेहरु चुनाव जितेर आउने गरेका छन् । टिकट किनेर भए पनि चुनाव जितेर आउने गरेका छन् तर समानुपातिकमा आफ्नो परिवार तथा त्यो सीट नै बेच्ने गरेको छ । जसको पहुँच हुन्छ त्यसैले त्यो सीट पाउने अवस्था बनेको छ । त्यसैले समानुपातिकबाट सबैको भरोसा उठि सकेको छ । यद्यपी सिएन थारुको सोच राम्रो हो तर यो विकृत भइसकेको छ ।

***बाबुराम चौधरी, काठमाडौँ-३२, कोटेश्वर***

## फेसबुक



**प्रदीप यादव**

नेकपा माओवादी केन्द्र किन खस्किदै/कमजोर ??? ।

१.नेकपा माओवादी केन्द्र वर्गसंघर्षमा आधारित दशवर्षे जनयुद्धको बलमा उदाएको थियो र नेपालको राष्ट्रिय राजनीतिमा शक्तिशालीको रुपमा स्थापित भयो पनि, तर जब वर्गसंघर्षको बिचार, सिद्धान्तको एजेण्डा छोडेर पथबिचलन भयो र संसदीय बहुदलीय व्यवस्थाको प्रतिस्पर्धात्मक निर्वाचन प्रणाली प्रवेश गरे, सक्रिय न्वारनदेखिको बल लगाएर सहभागी भए तबदेखि वर्तमानसम्म खस्किदै गएको मात्र होइन कमजोर हुँदै गएको छ जसको परिणाम २०७९ मंसिर ४ को चुनाव परिणामले पुष्टि गरिसके तापनि नेतृत्व पंक्तिमा चेत किन नआएको होला ?, २.हुन त संसदीय राजनीतिक प्रणाली आफैंमा अमिर शासक वर्गिय गलाकाट प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था हो । यसमा सिद्धान्त, विचार, नीति, सक्षम, इमान्दार, नैतिकवान संघर्षशील त्यागी कार्यकर्ताहरुको कदर हुँदैन, दलाल पुँजीपति वर्ग, बिचौलिया, आसेपासे, माफिया, तस्कर, व्यापारि लुटपन्थहरुको बोलबाला हुन्छ ।

३.लोकतन्त्र र समाजवादका साथै गणतन्त्रका नयाँ आन्दोलन श्रमिक वर्गिय आन्दोलन कमजोर हुदै गएको छ, त्यसलाई नेताहरु मध्येनजर नगरि सत्ता लिप्सामा एक पछि अर्को फन्दामा फस्दै गएको छ, जस्तो ठग बञ्जाराहरुको नक्कली गठबन्धन ।



**बेचन यादव**

जसपाको लागि यो परिणाम अपेक्षा अनुरुप भएन । मतगणनाको शुभारामभमै अप्रत्याशित पार्टी अध्यक्ष उपेन्द्र यादवको हारले जसपाकर्मीको लागि साह्रै पिडादायी थियो । बजारमा यति छिटो प्रतिक्रिया आयो कि जसपा सक्यो ? धेरैले अब थ्रेसहोल्ड कट्दैन आंकलन गर्न थाल्यो ? तर विस्तारै गति आउन थाले । सिरहाले दुईवटा प्रतिनिधि सभा सदस्य जिताएर जसपाको लागि राहत रहयो । सप्तरीबाट नवल किशोर साह, धनुषाबाट दिपक कार्की, बाराबाट रामसहाय यादव, पर्साबाट प्रदिप यादव जितेर राहत दिए ।

अहिले खुशीको खवर आउदैछ कि जसपाले थ्रेसहोल्ड काटाउने भएको छ । जसपा समेत राप्रपा, स्वतन्त्र पार्टी, नेपाली काँग्रेस, नेकपा एमाले र नेकपा माओवादी गरी ६ वटा पार्टीलेले थ्रेसहोल्ड काटाउने भएको छन् । थ्रेसहोल्ड कटेपछि राष्ट्रिय पार्टीको मान्यताका साथै समानुपातिकमा सिफारिस गर्ने पाउने भएको छ । यस्तो प्रतिकुलताको बीचमा पनि जसपा नेकपा एकिकृत समाजवादी, लोसपा, जनमत, नागरिक उनमुक्ति भन्दा अब्बल छ । यो सबै जसपाकर्मीको लागि खुशीको खबर हो । सबै जसपाकर्मीमा हार्दिक बधाई ।

# प्रचण्डलाई उपेन्द्र, देउवालाई सिके

मंसिर ४ गते सम्पन्न भएको चुनावको मतगणना लगभग सम्पन्न भएको छ । अधिकांश ठाउँको नतिजा आइसकेका छन् । आएको नतिजाको आधारमा दलहरुले सरकार बनाउने गृहकार्यमा जुटेका छन् । कसको नेतृत्वमा सरकार बन्छ भनि दलहरुको बीचमा खिचतानी सुरु भएको छ । सत्ता गठबन्धनभित्र पनि कसको नेतृत्वमा सरकार बन्नेमा विवाद देखिएको छ । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफ्नो नेतृत्वमा सरकार बनाउने इच्छा देखाइ रहनु भएको छ । काँग्रेसका सभापति शेरबहादुर देउवाले आफू पुनः प्रधानमन्त्री बन्ने गरी पहल थाल्नु भएको छ । उहाँले बालुवाटारमा बोलाएर माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एकीकृत समाजवादीबाटका अध्यक्ष माधवकुमार नेपाल, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र जनमत पार्टीका अध्यक्ष सिके राउतलगायतका नेताहरुसँग कुराकानी गरिसक्नु भएको छ ।

उहाँले जतिपनि कुराकानी गर्नुभएको छ । त्यसमा उहाँले आफूलाई केन्द्रमा राखेर गर्नुभएको छ । उहाँले अगामी प्रूधानमन्त्री काँग्रेसबाट नै हुनुपर्छ भनि भन्ने गरी छलफलमा जुट्नु भएका छ तर प्रचण्ड पनि त्यसरी सजिलो तरिकाले मान्ने अवस्थामा हुनुहुन्न । उहाँले पनि आफ्नो टीम बनाउनेतिर लाग्नुभएको छ । उहाँले त्यसका लागि जसपाका अध्यक्ष उपेन्द्र यादवलाई आफ्नो विश्वासमा लिइसक्नु भएको छ । मंसिर १३ गते उहाँहरुको बीचमा लामो कुराकानी भएको छ । उहाँले डिल्लीबजार कारागारमा रहनु भएका नागरिक उन्मुक्ति पार्टीका नेता रेशम चौधरीलाई पनि भेट्नु भएको छ । उहाँले सत्ता गठबन्धनलाई साथ दिन भन्नुभएको छ । सत्ता गठबन्धनलाई साथ दिन भनेपनि प्रधानमन्त्री को बन्दैछन् त्यसको बारेमा कुरा प्रष्टसँग राख्नु भएको छैन तर उहाँले आफूले सरकारको नेतृत्व गर्ने भनि संकेत गरिसक्नु भएको छ । त्यसैगरि उहाँले एमालेबाट विद्रोह गरि स्वतन्त्रबाट चुनाव जितेका प्रभु साहसँग पनि कुरा गरिसक्नु भएको छ । अन्य स्वतन्त्र उम्मेदवारसँग पनि कुराकानी गरिरहनु भएको छ ।

स्रोतका अनुसार उहाँले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग पनि एकचरण कुराकानी गरिसक्नु भएको छ । यदि गठबन्धनमा कुरा मिलेन भने एमालेसँग पनि सरकार बनाएर जान सकिने गरी एमालेका अध्यक्ष ओलीसँग पनि साइडटक गरिरहनु भएको छ ।

यता, प्रधानमन्त्री देउवाले गठबन्धनमा आफ्नो बहुमत पुर्‍याउनका लागि लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र जनमत पार्टीका अध्यक्ष सिके राउतलाई आफ्नो विश्वासमा लिने गरि वार्ता र छलफललाई अगाडि बढाउनु भएको छ । प्रधानमन्त्री देउवाले उहाँ दुईजनालाई मधेशबाट बोलाएर छलफल गर्नुभएको छ । तर यी दुवैजना मधेश प्रदेशमा सरकारको नेतृत्व गर्न पाउनुपर्छ भनि दावी गरिरहेका छन् । उता, प्रचण्डलाई साथ लिइरहनु भएका जसपाका अध्यक्ष उपेन्द्र यादवले पनि मधेश प्रदेशको सरकार नेतृत्व गर्न पाउनुपर्ने दावी प्रस्तुत गर्नुभएको छ ।

सप्तरी २ मा जनमत पार्टीका अध्यक्ष सिके राउतले जसपाका अध्यक्ष उपेन्द्र यादवलाई पराजय गर्नुभएको छ । दुवैजना बीच अहिले बोलचाल छैन तर केन्द्रमा दुवैजनाको नजर सत्ता गठबन्धनतिर नै तेर्सिएको छ । दुवैजनालाई दुईजना नेताले समातेका छन् । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले उपेन्द्र यादवलाई र काँग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले सिके राउतलाई आआफ्नो पक्षमा राख्नुभएको छ । प्रचण्डले उपेन्द्र यादवलाई सत्ता गठबन्धनमै सहभागी हुनका लागि भनिसक्नु भएको छ । सत्ता गठबन्धन बनाउन उपेन्द्र यादवको अहम् भूमिका थियो । तर सीटको तालमेलमा कुरा नमिलेपछि उहाँ सत्ता गठबन्धन छाडेर एमालेतिर जानुभयो । तर अपेक्षाकृत सीट उहाँले ल्याउन सक्नुभएन । अहिले पुनः उहाँ सत्ता गठबन्धनमा फर्किने कि चर्चा भइरहेको छ ।

**देउवालाई अफरै अफर**

एमालेका अध्यक्ष ओलीले काँग्रेससँग मिलेर सरकार बनाउन सकारात्मक देखिनु भएको छ । उहाँले देउवालाई प्रधानमन्त्री दिन पनि तयार हुनुभएको छ तर राष्ट्रपति र सभामुखमध्ये एउटा दिनका लागि प्रस्ताव गर्नुभएको छ । काँग्रेसले प्रधानमन्त्री र राष्ट्रपति राखोस् सभामुख आफूलाई दिएर संयुक्त सरकार बनाउन एमाले अध्यक्ष ओलीले प्रस्ताव गर्नुभएको छ ।

तर काँग्रेसका सभापति देउवाले अहिले कुनै आश्वासन दिनुभएको छैन । उहाँले गठबन्धनमा सल्लाह गरेर मात्र तपाईसँग कुराकानी अगाडि बढाउने भन्नुभएको स्रोतले जनाएको छ । काँग्रेसले राष्ट्रपति र सभामुख अरु दललाई दिने पक्षमा छैनन् । काँग्रेसले आफै राखेर सरकार बनाउने पक्षमा छ । गठबन्धनमा रहेका दल माओवादी केन्द्रलाई पनि राष्ट्रपति र सभामुख दिने पक्षमा छैन । काँग्रेसले बरु माओवादीलाई प्रधानमन्त्री दिन्छ तर राष्ट्रपति दिँदैन । स्रोतका अनुसार माओवादीसँग प्रधानमन्त्री र राष्ट्रपतिमा कुरा मिलेन भने काँग्रेसले पहिलो टर्ममा माओवादीलाई प्रधानमन्त्री दिएर राष्ट्रपति आफ्नो पक्षमा राख्ने रणनीतिमा पनि रहेको छ ।

# तोडियो अफताव आलमको किल्ला

नेपाल काँग्रेसका नेता अफताव आलम जेलमा हुनुहुन्छ । उहाँले जेलबाट नै रौतहटमा हुकुमत चलाई रहनु भएको थियो । स्थानीय तहको चुनावमा राजपुर नगरपालिकाको मेयरमा आफ्नो छोरा रजिक आलमलाई उम्मेदवार बनाएर जिताउनु भएको थियो । तर यसपटक उहाँको हुकुमत चलेन । रौतहट क्षेत्र नम्बर २ मा आफ्नो छोरा फिरदोस आलमलाई उम्मेदवार बनाउनु भएको थियो । तर स्वतन्त्र उम्मेदवार किरण साहले फिरसोदलाई हराएर अफताब आलम र उहाँका परिवारको वर्षौंदेखिको रहेको विरातलाई भत्काई दिनुभएको छ । स्वतन्त्र उम्मेदवार साहले ३२ हजार ८४२ मत ल्याउनुभयो भने फिरसोद आलमले २८ हजार २४८ मत ल्याउनुभयो ।

२०४८ सालदेखि हालसम्म त्यहाँ अफताब आलमका परिवारबाहेक त्यहाँ अरु कोही जितेका छैनन् । अफताब आलमको त्यो दुई नम्बर क्षेत्रलाई मिनि पाकिस्तान भन्छ । मुसलमानको बाहुल्य भएको क्षेत्र हो । मुसलमानको साथ पाएर अफताब आलप परिवारको हुकुमत चल्छ त्यहाँ । अफताब आलमको अगाडि कोही बोल्न मान्दैन । बम विस्फोटमा संलग्न रहेको र घाइतेलाई जिउँदै इँटाभट्टामा हालेर जलाएको आरोपमा पक्राउ परेपछि सांसदबाट निलम्बित अफताब आलम हाल जेलमा हुनुहुन्छ । जेलमा रहेपनि अफताबलाई काँग्रेस रौतहट क्षेत्र २ का क्षेत्रीय समितिले एकल उम्मेदवार बनाउने निर्णय गरेको थियो । तर आफू उम्मेदवार बन्न नपाउने थाह पाएपछि अफताबले आफ्नो छोरा फिरदोस आलमलाई उम्मेदवारी दिन लगाउनु भएको थियो । फिरदोस आलम प्रहरीमा जागिरे हुनुहुन्छ । ऋफताव आलमका परिवारका विरुद्ध कसैले अवाज पनि उठाउँदैन्थे । २०७४ अघिका चुनावमा सो क्षेत्रका अधिकाँश मतदाताले मतपत्र पनि देखिएका थिएनन् । अन्य मतदाताहरुको नामबाट अफताबका कार्यकर्ताले मत खसाल्थे । यसको विरुद्धमा कसैले अवाज उठाउँदैन्थे । सो परिवारका मुख्य व्यक्ति शेख इद्रिस नेपाली काँग्रेसका पुराना नेता हुनुहुन्छ । नेपाली काँग्रेसमा शेख इद्रिसका बुवा शेख ल्याकतले नै राजनीति सुरु गर्नुभएको थियो ।

त्यसपछि शेख सदिख, शेख जहिर र शेख इद्रिस राजनीतिमा आउनुभएको थियो । शेख इद्रिसपछि त्यसको बिडो मोहम्मद अफताब आलम र मोहम्मद महताफ आलमले थाम्नुभएको थियो । काँग्रेसका नेता शेख सदिखका छोरा हुनुहुन्छ अफताव आलम र महताफ आलम । तर राजपुर फरहदवा बमकाण्डका आरोपमा माहेम्मद अफताब आलम र मोहम्मद महताफ आलम अहिले जेलमा हुनुहुन्छ । यही बेला उहाँका छोरा रजिक आलम र फिरदोस आलाम राजनीतिमा आउनुभएको छ । सोही परिवारका शेख वकिल माओवादी केन्द्रबाट राजनीतिमा सक्रिय हुनुहुन्छ ।

त्यस्तै, शेख इद्रीसका भाइ शेख जहिरका छोरा शेख सकिल अख्तर एमालेबाट मेयरको उम्मेदवार बन्नुभएको थियो । उहाँ २०७४ को स्थानीय तहको चुनावमा काँग्रेसबाट मेयरमा जित्नुभएको थियो । तेका थिए । अफताव आलमका भन्जा हुन् मुस्ताक आलम । उहाँ एमालेका सक्रिय नेता हुनुहुन्थ्यो । उहाँका छोरा मोहम्मद जैद आलम (जैद राजा) जसपाबाट सो नगरपालिकमा मेयरमा उम्मेदवारी दिनुभएको थियो । अहिले उहाँ एमालेबाट प्रदेश सभा सदस्यमा जित्नुभएको छ ।

**फरकमत**

# शंकाको घेराभित्र सिके राउत



सुरेशकुमार यादव

सप्तरी २ को प्रतिनिधि सभा सदस्यमा विजय हुनुभएका जनमत पार्टीका अध्यक्ष डा.सिके राउतलाई सर्वप्रथम बधाई तथा शुभकामना अर्पण गर्दछु ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउतसँग एक दुईपटक फोनमा कुरा हुनुभन्दा बढी उहाँसँग मेरो चिनजान छैन । उहाँसँग आजसम्म प्रत्यक्ष भेटघाट पनि भएको छैन । एकपटक उहाँले नै मलाई फोन गरेर भेट्ने आग्रह गर्नुभयो र सोही क्रममा भन्नुभएको थियो, 'म तपाईलाई राम्रोसँग चिन्छु, सायद तपाईले बिर्सिनुभएको होला तपाईसँग मातृका यादवको घर (डेरा)मा भेटेको थिए, त्यहाँ केही कुराकानी पनि भएको थियो ।' उहाँले भनेको कुरा म माने तर मेरो स्मरणमा त्यो कुरा थिएन । उहाँले नै जनकपुर आएको बेला एकपटक भेटौं न भन्नुभएको थियो । एउटा मौकामा म जनकपुर पुगेको थिए । उहाँलाई सम्पर्क गरे । उहाँले भेट्ने समय पनि दिनुभयो तर दिएको समयमा उहाँ उपलब्ध हुनु भएन । भेट्न नसकिने भयौं भनि अग्रिम जानकारी पनि दिनु भएका थिएन । म जनकपुरबाट काठमाडौं फर्के ।

धेरैपछि एकपटक फोनमा एउटा समाचारको विषयलाई लिएर मैले नै उहाँलाई फोन सम्पर्क गरेको थिए । त्यसपछि उहाँसँग न फोनमा सम्पर्क हुनसक्यो न प्रत्यक्ष नै । उहाँसँग फोनमा कुरा गरौं भनि कुरा मनमा नआएको होइन । मैले एक दुईपटक ट्राइ पनि गरेको हो । तर उहाँको कतिवटा नम्बर छन् थाह भएन । भएका नम्बरमा सम्पर्क हुन निकै गाह्रो भयो । त्यसपछि मैले सम्पर्क गर्न छाडि दिए । मेरो मोवाइलमा उहाँको नम्बर पनि छैन । मैले उहाँसँग प्रत्यक्ष भेट्ने कोशिश नगरेको पनि होइन । उहाँको नम्बर मसँग छैन । मैले उहाँका सहयोगी र सहकर्मीको माध्यमबाट भेट्ने निकै प्रयास गरे । पछिल्लो समय स्थानीय चुनावको समय मधेश गएको बेला उहाँका पार्टीका नेता बीपी साह (मेरो मिल्ने साथी पनि)मार्फत भेट्ने प्रयास गरे । त्यो पनि सम्भव भएन, त्यसअघि उहाँका पार्टीका महासचिव चन्दन सिंह, उपाध्यक्ष दीपककुमार साहमार्फत पनि भेट्ने प्रयास गरे । तर सम्भव भएन । उहाँहरुले सिके राउतलाई मेरो बारेमा भेट्ने कुरा भन्नुहुन्थ्यो कि भन्नु हुन्थेन थाह भएन तर उहाँहरुको हाउभाउबाट राउतले मसँग भेट्न नचाहेको भनि प्रष्ट बुझ्थे ।

सिके राउतले मसँग किन भेट्न चाहनु भएको छैन त्यो मलाई थाह छैन । तर मेरो बारेमा उहाँले आफ्नो निकट नेता, पार्टीका बैठकहरुमा चर्चा गर्नुहुन्छ त्यो कुरा उहाँकै निकटस्थ नेताहरुबाट थाह पाउने गरेको छु । उहाँको बुझाई मप्रति सकारात्मक छैन भनि पाएको छु । म काठमाडौं केन्द्रित पत्रकारिता सुरु गरेदेखि मधेश पोल्टिक्स बाहेक अरु केही लेखेको छैन । काम गर्ने मिडिया हाउसमा मलाई अन्य बीटको जिम्मेवारी दिए पनि साइडमा मधेश रहि रहन्थ्यो । २०५७-२०५८ देखि काठमाडौंमा पत्रकारिता सुरु गरेको हुँ । मैले जुन पत्रिकामा जहाँ काम गरे, त्यहाँ मलाई मधेशकै जिम्मा दिइन्थ्यो । त्यसले गर्दा मधेशी दलका नेता मात्र होइन, गैर मधेसी दलमा रहेका मधेशी नेताहरुसँग मैले पटक पटक भेटेको छु । कहिले काहीं उहाँहरुले आफै बोलाउनु हुन्छ, कहिले काहीं आफै गएर भेटेको छु । मैले चिनेका, जानेका, बुझेका साना ठूला सबै मधेशका नेताहरुसँग भेटेको छु । तर करिब १२ वर्षदेखि नेपालमा मधेश केन्द्रीत राजनीतिमा सक्रिय रहनु भएका सिके राउतलाई मैले भेट्न पाएको छैन ।

तर मैले नभेटे पनि म उहाँलाई एकदमै नजिकबाट चिन्छु, बुझ्छु जस्तो लाग्छ । सँगसँगै काम गरेको जस्तो लाग्छ । एउटै कोठामा सँगै बसेको जस्तो लाग्छ । वर्षौंदेखिको चिनजान हो जस्तो लाग्छ । त्यस्तो लाग्नुको कारण हो, उहाँलाई मैले दिनदिनै पछ्याई रहेको हुन्छु । उहाँको हरेक गतिविधिलाई अध्ययन गरिरहेको हुन्छु । उहाँको हरेक दस्तावेज अध्ययन गरेको छु । सेभ गरेर राखेको पनि छु । नेपाल आएर राजनीतिक गतिविधिमा सक्रिय भएर लागेदेखि नै उहाँ मेरो नजरबाट एकदिनका लागि पनि ओझेलमा पर्नु भएको छैन । सायद त्यही भएर होला उहाँ मेरो वरिपरी हो जस्तो लाग्छ । सिके राउतले मलाई आफ्नो आलोचक होइन, विरोधी नै ठान्नु भएको छ । यो कुरा उहाँका निकटस्थ नेताहरुबाट थाह पाएको छु । तर म विरोधी कदापी होइन । म गुण दोषको आधारमा उहाँको आलोचक पक्कै हुँ ।

उहाँले गर्ने राम्रो कामको राम्रो भनेको छु, गलतलाई गलत नै भनेको छु । अर्थात उहाँको बारेमा मैले जति जानेको छु, जति बुझेको छु । त्यति मात्र लेख्दै आइरहेको छु । सुरुदेखि उहाँ मेरो शंकाको घेरामा हुनुहुन्छ । उहाँमाथि मेरो जुन शंका छ त्यो अझै हटेको छैन । उहाँ शंकास्पद व्यक्ति हुनुहुन्छ, उहाँ विदेशबाट 'प्रोजेक्टेड' व्यक्ति हुनुहुन्छ । उहाँको हरेक गतिविधि शंकास्पद छ । यो कुरा म पहिला विभिन्न प्रमाणसहित लेखेको हुँ र अहिले पनि मेरो बुझाई त्यहीं नै हो । अमरिकाको जागिर छाडेर नेपाल आउने वित्तिकै जसरी देश टुक्राउने खुलमखुल्ला आन्दोलन गर्न थाल्नुभयो, जसरी उहाँको पक्षमा विभिन्न देशी तथा विदेशी मानव अधिकारसँग सम्बन्धित संघ संस्था, प्रतिनिधिहरु वकालत गर्न थाले, देश टुक्राउने गतिविधि गरिरहेको विभिन्न प्रमाणहरु छरफस्ट हुँदा हुँदै राज्यले पनि 'म कुटे जस्तो गर्छु, तिमी रोए जस्तो गर' जस्तो प्रस्तुत हुनु, विभिन्न शक्ति केन्द्रले संरक्षण गर्नु नै उहाँ कतैबाट परिचालित रहनु भएको भनि पर्याप्त प्रमाण हुन् । उहाँका

बाँकी पृष्ठ ८ मा

लेख



● देवशरण यादव

# माओवादीलाई बाहिर भित्र दुवै ठाउँबाट धोका

यो आमचुनावमा माओवादी केन्द्र नराम्रो गरी कमजोर भएको छ। गठबन्धन गर्नुभन्दा नगरेर यो भन्दा राम्रो पोजिसन हुन्थ्यो। गठबन्धन गरेको कारण सीट बाँडफाँड भयो। आफ्नो अनुकुल क्षेत्र चयन गरी उम्मेदवार उठाउन पाएन भने अर्कोतिर सीट सँख्या नै कम भयो। पाएको सीटमै हारजीतबाट प्राप्त सीटमा सन्तोष गर्नुपर्ने अवस्था देखिएको छ। गठबन्धनबाट माओवादी केन्द्रले जे धोका पायो, त्यो समिक्षा गर्ने समय आउँदैछ तर पार्टीभित्र पनि आन्तरिक रुपमा अन्तरर्घात गर्नेहरुको कमी थिएन। त्यो अन्तरर्घातका कारण ठाउँ ठाउँमा माओवादी केन्द्रका उम्मेदवार पराजित भएका छन्। पूर्वी धनुषा किसान आन्दोलन तथा वर्ग संघर्षको केन्द्र रहेको थियो। त्यस क्षेत्रमा जमिन्दार हेम बहादुर मल्ल, लिला कोइरालाको दवदवा थियो। जनप्रिय नेता रामवृक्ष यादवको शाहदातपछि मातृका प्रसाद यादव, अजबलाल यादवलगायत माओवादीको नेतृत्वमा स्थानीय कांग्रेसहरुसँग भिषण संघर्ष गर्नुपर्यो। जनयुद्ध पूर्व रामवृक्ष यादव, जनयुद्धको क्रममा रामवृक्ष यादवको छोरा शेखर यादव, अजबलाल यादव, अजबलाल यादवको परिवार सदस्यहरु लगायतका माओवादीलाई हत्या गरियो। त्यसको प्रतिरोधमा केही कांग्रेसीहरु पनि मारिए ।

भर्खर सम्पन्न चुनावमा सत्ता गठबन्धनका उम्मेदबार माओवादी केन्द्रका सचिव मातृका यादवलाई एकथरी कांग्रेसीहरुले भोट नदिई संस्थागत योजनाका आधारमा हराएको चर्चा छ। स्थानीय चुनावको आधार मान्ने हो भन्ने विपक्षीभन्दा गठबन्धनको १५ हजारभन्दा बढी मत थियो। सबै स्थानीय तह गठबन्धनले नै जितेको छ, प्रदेशमा कांग्रेसले जित हासिल गर्यो। यी सबका बावजुद पनि माओवादी हार्न पुगे। चुनावी अभियानको क्रममा बरमझियाका कांग्रेसी नेता गर्भु यादवले भन्नुभएको थियो, 'मेरो छातीमा माओबादीको गोली अझै बाँकी छ, मेरो परिवार मारिएको छ।' कांग्रेसबाट निर्वाचित धनुषाधाम नगरपालिकाका मेयर बालेश्वर मण्डलले पनि जनयुद्धमा आफ्नै काका मारिएको छ भनि सत्ता गठबन्धनको पक्षमा सक्रिय नभई भित्रभित्रै विपक्षीलाई सघाउन सक्रिय रहे।

पटेर्वाका महेन्द्र साह तेलीले भाइ मारिएको भनि मातृका यादवलाई जसरी पनि हराउने तिर लाग्नुभयो। यसरी यी कुराहरु भन्दै कांग्रेसकै नेताहरुले विपक्षीसंग खुलेर भोट माग्ने थाले। यो त प्रतिनिधि पात्र मात्र हुन्। अपवाद बाहेक समग्रमा कांग्रेसीजनको यस्तै मिल्दोजुल्दो भूमिका देखिएको थियो चुनावमा। सो क्षेत्रमा कांग्रेसका नेता लिला कोइराला, आनन्द ढुंगाना चुनाव जित्ने गर्नुहुन्थ्यो। तर पछिल्लो समय २०५६ मा एमाले, २०६४ र २०७४ मा माओवादीले जितेका थिए। सो क्षेत्रलाई कांग्रेसीहरुले आफ्नो खानदानी क्षेत्रको रुपमा दावी गर्छन्। यसपटक पनि मावोवादी जिते संधै माओवादीले नै पाउने छन् तसर्थ अर्को चुनावको लागि हराउनु पर्दछ भन्ने मनोविज्ञान देखियो। अर्को तिर जसपाका निर्वाचित उम्मेदबार पूर्व कांग्रेसी नै भएकाले माओवादीलाई जिताउनु भन्दा भाइ कांग्रेसलाई जिताउँदा बेस हुने भनि उनीहरुले ठाने।

**सत्ता विरोधी लहर**

जन आन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका अधिकार प्राप्तिका आन्दोलनवाट प्राप्त उपलब्धिपछि विकास र समृद्धिलाई चुनावको एजेन्डाको रुपमा जनताले हेर्न चाहन्छन्। मातृका यादव अन्तरिम व्यवस्थापिकामा संसद, पहिलो संविधानसभा सभासद, २०७४ सालमा प्रत्यक्ष निर्वाचित सांसद तथा पटक पटक मन्त्री भएपनि जसरी अधिकार प्राप्तिको आन्दोलनको गर्विलो ईतिहास छ। त्यसैगरि विकासको मामिलामा पछाडी रहनुभएको र मतदाताको उच्च आशा आकांक्षालाई सम्बोधन गर्न नसक्नुभएको तथा निर्वाचन पछि जनसम्बन्ध पातलिएको जनगुनासो प्रष्ट सुन्न पाइएको थियो।। जनतासँग प्रभावकारी ढंगले दोहरो संवाद स्थापित हुन नसक्नु, पछिल्लो वर्षमा विकासतर्फ प्रयत्न गरेको भएपनि मतदातालाई आस्वस्त पार्न नसक्नु, हेभीवेट नेता जस्तो विकास कार्य नहुनु जस्ता गुनासाहरु चुनावको क्रममा सुन्न पाइएको थियो। हुनत निर्वाचित उम्मेदबारले जनतासँग कुनै लोक लुभावन योजना पेश गर्न सकेका थिएनन्। मतदाता आशावादी समेत थिएन र पनि सत्ता विरोधी लहरका कारण जे भएन पनि आफ्ना प्रतिनिधि परिवर्तन गर्ने चाहना कतिपयमा अवश्य देखिन्थ्यो। त्यस्तै, पार्टी भित्रको एन्टी इन्कम्बेन्सी पनि देखियो।

**हराएको माओवाद-माओवादी**

माओवादी विरोधी शक्तिहरुको घोषित अघोषित मोर्चाबन्दीले माओवादीलाई हराउन सफल भयो। वर्तमानमा नामको मात्रै माओवादी अझ भनौ कुनै बेला मालेमावादले हामीलाई पहिचान दिलाएको कारण अर्थात् माओवादीको लिगेसीको कारणले हामी माओवादी भइ दिनुपर्ने जस्तो गरि विचारमा माओबादसँग कुनै लेनादेना नै छैन। त्यसको प्रतिबिम्ब संगठनमा देखिएको छ। विरोधीसँग मिलोमतो गरि सहयात्री गठबन्धन घटक दलका नेता कार्यकर्ताले माओवादीको उम्मेदबार माथि योजनाबद्ध प्रहार गर्दा संगठानिक रुपमा चिरफार गर्न सकेन। जनयुद्ध ताकाका कुरा झिकेर माओवादीमाथी प्रहार भइरहँदा रहदा, माओवादी कार्यकर्ताहरु मुकदर्शक तथा अलमलमा परेको देखिएको थियो। यतिसम्म कि कतिपय अवस्थामा उनीहरुले विरोधीलाई सहयोग गरेको समेत दिखिएको थियो। जनयुद्धमा कांग्रेसतर्फ भएका मानवीय क्षतिलाई उनीहरुले रेकर्डमा राखेर बदलाको भावमा उत्रेको देखियो तर माओवादीतर्फ भएका क्षति तथा शहीदको बलिदानलाई बिर्सेको जस्तो देखिने गतिविधि माओवादीबाटै भएको थियो। शहिद परिवारको नाममा पार्टीबाट सुबिधा प्राप्त गर्ने अधिकार शहिद परिवारका हक पनि हो तर पार्टीको योजनाप्रति आफ्नो कर्तव्य निर्वाह नगर्ने दुखद अवस्था पनि पार्टीभित्र देखिएको छ।

**चुनावी संगठनको अभाव**

बिगत पन्ध्र वर्षदेखि इलेक्ट्रोल राजनीतिमा सहभागी भए पनि चुनावी विशेषता अनरुपको संगठन निर्माण र त्यसको परिचालनमा कमिकमजोरी देखिएको कुरा चुनावी अभियानमा प्रष्ट देखिन्थ्यो। निर्वाचन जितेको नेता संगठन अझ संगठनका केही सिमित स्थानीय नेतामाथि पूर्णतः निर्भर रहनु, ती नेताहरुको बारेमा आएका जनगुनासोलाई नजर अन्दाज गर्नु वा बेवास्ता गर्नु जस्ता आरोप जनताले लगाउने गर्थ्यो, जुन हारको अर्को कारण हुनसक्दछ। संसदीय व्यवस्थामा निर्वाचन लड्ने नेताले नै आफ्नो निर्वाचन क्षेत्र (constituency) को कमाण्डर कमिसार हो, जसको तयारी आफ्नै नेतृत्वमा गर्नुपर्ने अनूभूति भयो, अरुले गरि दिन्छ कि वा अरुले गरि दिएन भनि मतदाताले उम्कन नदिने देखियो। कतिपय अवस्थामा नेतृत्वको स्प्रिट, अर्को तहको नेता तथा कार्यकर्ता स्प्रिट नमिल्दा घाटा हुने देखियो।

**मधेशमा कमजोर**

नेकपा (माओवादी) पार्टीभित्र अझ मधेशमा विशेषगरी जनमोर्चासँग एकता भएदेखि ज-जसले मातृका यादवलाई विरोध गरे उसलाई मात्रै पार्टीमा जिम्मेवारी दिने, पार्टीमा बढुवा गर्ने काम शीर्ष नेतृत्वको चाहनामा योजनाबद्ध तवरबाट भएको कुरा सजिलै बुझ्न सकिन्छ। पार्टीभित्र एक किसिमको निषेधात्मक राजनीति शुरु भयो, खास गरेर मधेशको कतिपय सवालमा मातृका यादवले लिनुभएको अडान र त्यसबारे नेतृत्वमा रहेको फरक दृष्टिकोणको कारणले हुन् सक्दछ जसको असर निर्वाचनमा देखियो। जिल्ला पार्टीका नेतृत्वमध्ये एक दुईजना नेताबाहेक जिल्ला नेतृत्व तथा केन्द्रीय सदस्यहरुको चुनावी अभियानमा खासै प्रभावकारी सक्रियता देखिएन। जिल्ला पार्टीका केही नेता प्रतिपक्षको भूमिकामा देखिने खालको गतिविधि देखिन्थ्यो। धनुषा जिल्लामा माओवादीको भागमा प्रत्यक्षतर्फ एक सिट प्रतिनिधि सभामा र एक सिट प्रदेश सभामा परेको थियो, दुवै हारे। पार्टीले समानुपातिकमा धनुषाबाट प्रतिनिधितर्फ मधेशी महिला कल्स्टर, प्रदेशतर्फ महिला, पुरुष, दलित महिला, जनजातीको कल्स्टरमा क्रम सँख्याको पहिलो नम्बरको बन्दसूचीमा समावेश गरे पनि ती समानुपातिक उम्मेदवारहरुले प्रत्यक्ष उठेका उम्मेदवारलाई जिताउन के कस्तो भूमिका निर्वाह गर्नु पर्ने हो, उहाँहरुको भूमिका के छ भनि पार्टीले खासै चासो लिएको देखिएन। एकल चुनाव लडेको, कतिपय जिल्ला नेतृत्वले शंकास्पद भूमिका खलेको कुरा जनताले थाहा पाएर जानकारी गराउँथ्यो। उम्मेदवारले भोट माग्ने जाने अनि जिल्ला नेतृत्वले लुकिछिपी पार्टी भित्रका असन्तुष्ट व्यक्तिहरुलाई भेटि मातृका यादवलाई जसरी पनि हाराउनु पर्छ भनि सक्रिय रहेका थिए।

कतिपयले २०७४ को चुनावमा समानुपातिकमा छनौट हुन रोक्नका लागि मातृका यादवले कुनै व्यापारीसँग मोटो रकम लिएकाले यहि बेला हो बदला लिनुपर्छ भनि हराउने अभियानमा सक्रिय थिए। सो विषय प्रष्ट हुन्, प्रष्ट पार्न पार्टी नेतृत्व कहाँ मातृका यादवले कैयौं पटक कुरा राखे पनि पार्टी नेतृत्वबाट दुवै पक्षलाई एकसाथ राखी विषयबस्तु प्रष्ट पारि विवाद समाधान गर्ने प्रयत्न गरेको हो होइन थाहा भएन तर नखाएको विष मातृका यादवलाई लगाउने प्रयास भयो। पार्टीमा कुनै पद वा सुबिधा पाए आफै वा आफ्नै बलमा पाएको जस्तो, नपाए मातृका यादवले विरोध गर्यो, मातृका यादवले हुन दिएन भनेर नेतृत्व तहबाटै फाटो ल्याउने काम पनि गरेको देखियो। पार्टीको लागि मातृका यादव आवश्यक छ तर कमजोर गरेर राख्ने, केही गर्न नदिने गरी हातखुट्टा बाँधेर राख्ने काम भइरहेको छ। पछिल्लो तीन वर्षदेखि मातृका यादवलाई जिम्मेवारी बिहिन बनाएको अवस्थामा सकारात्मक परिणाम सम्भव थिएन। स्थानीय निर्वाचनमा भूमिका गौण रह्यो। मधेशी पार्टी नेतृत्वविहिन अवस्थामा छ। भोटको राजनीति तथा खुल्ला समयमा मास लिडर चाहिएको बेला भूमिगत शैलीमा विभिन्न व्यक्तिलाई जिम्मेवारी सुम्पेको छ। निर्वाचनमा समग्र पार्टी नै परिचालन भएन। समानुपातिकको फेसबुकबाहेक गतिलो प्रचार समेत पनि भएन। स्थानीय निर्वाचन पछि भएको भेटघाटमा पार्टी अध्यक्ष कमरेडलाई यस पंक्तिकारले भनेको थियो यहि अवस्थामा मधेशमा राम्रो परिणामको अपेक्षा उचित छैन। अन्तः निर्वाचन परिणामले पुष्टि गर्यो।

**संसदीय कोष फितलो व्यस्थापन**

संसदीय कोषबाट भएको विकासमा कमिशन नलिने नेतृत्वबाट सर्कुलर भए पनि त्यसको अनुगमन फितलो भएको महसुस मतदाताको प्रतिक्रियाबाट प्रष्टै बुझिन्थ्यो। संसदीय कोषबाट भएका विकास निर्माणको तथ्याङ्कको रेकर्ड थिएन। चुनावी कार्यक्रममा कुन गाउँमा के के योजना ल्याईयो रेकर्ड थिएन। जनतालाई थाहा थियो तर नेता कार्यकर्तालाई थाहा थिएन। एकमुष्ट रेकर्ड नै थिएन। गरेको काम पनि ढुक्कको साथ भन्न सक्ने अवस्था थिएन भने उक्त विकास कामको जस पनि लिन सकिएन।

**योजनाको अभाव**

नेकपा माओवादी केन्द्रमा चुनावको समग्र योजना बने जस्तो लागेन। खासमा त्यसमा कसैको चासो पनि देखिएको थिएन। चुनावको शुरुवात, मध्य, अन्तिम वा एक दुई दिन बाँकी रहँदा के के गर्ने, कहाँ कहाँ ध्यान दिने, कहाँ जोड दिने, श्रोत कसरी परिचालन गर्ने जस्ता कुरामा अन्योल देखिएको थियो। कुन स्तरको नेता कार्यकर्तासँग कसरी डिल गर्ने योजना, गठबन्धनभित्रको अन्य घटकको स्थिति तथा गतिविधिबारे सूचना कसरी प्राप्त गर्ने जस्ता महत्वपूर्ण कुराको योजना पनि कसैसँग थिएन। सबै कुरा भगवान भरोसे चलिरहेको थियो। अगुवा कार्यकर्तासँग महत्वका साथ अपिल गर्ने प्रशिक्षण दिने समेतका काम भएको थिएन। कतिसम्म देखियो भन्ने पैसा चाहियो भन्ने तर आफ्नो जिम्मेवारी रहेको गाउँ टोल, वडा, पालिकाको आफ्नो र विपक्षीको भोटको अवस्था के छ भन्ने रिपोर्ट माग गर्दा मुख फर्काउथे। विशेषतः आर्थिक गतिविधिमा सक्रिय हुन मन पराउने प्रवृति हावी भएको थियो।

**प्रचार प्रसारको प्रभाव**

पर्याप्त पोस्टर पस्मपलेट हुँदाहुँदै टोलसम्म प्रचार सामाग्री पुर्याउन सकिएको थिएन। प्रचार तथा परिचालनका लागी पठाएको खर्च बाँडेर आ-आफ्नो खल्तीमा राख्ने काम पनि कतिपय ठाउँमा भएको थियो। आफ्नै संगठन बलियो नहुँदा गठबन्धनको भरमा केही पनि हुँदैन।

गठबन्धनबाट चुनाव जित्नका लागि संगठन बलियो भएको हुनुपर्छ। गठबन्धनमा पार्टीका उम्मेदवार नहुने दलका नेता कार्यकर्तालाई ज्वाई जस्तै पाल्नु पर्ने मागेको जति पैसा दिनु पर्ने, गाडी उपलब्ध गराउनु पर्ने तर केही भन्न नसकिने अनुशासन भन्ने नै हुदैन। डिजिटल मिडिया प्रचारका लागि सामग्री जुटाउनमा पनि समस्या देखिएको थियो।

**नगरपालिकाको भूमिका**

स्थानीय निर्वाचनपछि पार्टीको मेयर भएका कारणले करिब ६ महिनाको समय अबधिमा पनि आशा जगाउने खालको विकास निर्माण कार्यको थालनी गर्न सकेको भए निर्वाचन परिणाममा यसले सकारात्मक भूमिका निर्वाह गर्न सक्दथ्यो किनकि त्यहाँ जनसमुदायले सबैला नगरपालिकाको गतिविधिलाई मातृका यादवसँग जोडेर हेर्ने गरेका छ, जुन स्वाभाविक पनि हो। विपक्षीले नगरपालिकामा भाइ, संसदमा दाइ भनि प्रचार गरी पार्टीका कतिपय सोझा कार्यकर्तालाई भ्रमित गर्ने काम पनि भएको थियो।

**फुटको असर**

त्यस क्षेत्रका निर्वाचित जनप्रतिनिधि पार्टी परित्याग गरि बाहिरिएको असर केही हदसम्म देखिएको थियो। महान सहिद अजवलाल यादवका परिवारका केही सदस्य एमालेतिर लागेको असर पनि चुनामा देखिएको थियो। पञ्चायतकालदेखि सो क्षेत्रमा राजनीतिक रुपमा पहाडी मूलका नेता पञ्च हेम बहादुर मल्ल, काँग्रेसका नेता लिला कोइराला र आन्नद ढुंगानाले पटक पटक निर्वाचित भएका क्षेत्र हो। तर २०५६ सालदेखि मधेशी समुदायका नेताहरु निर्वाचित भएका कारण हाल निर्वाचित दिपक कार्कीले पहाडी समुदायलाई आफूहरुको बाउ पूर्खाले शासन गरेको ठाउँ हो भनि प्रचार गरि अधिकाँस खस-आर्य, क्षेत्री पहाडी मूल मतदातालाई भ्रर्मित गराउन सफल भएको हो।

अझै पनि शासक जातिले मधेशी नेतृत्व स्वकीर गर्न गाह्रो मानिरहेको अवस्था छ भने केही मधेसीहरु मालिककै लठैत बन्नमा गर्व गर्छन्। अन्त्यमा, एन्टी इन्कम्बेन्सी, पार्टी नेतृत्वको उदासिनता तथा प्रभुत्व (Domination), जिल्ला पार्टीको नगन्य भूमिका, संगठनको आभाव, निर्वाचन पूर्व तयारी विना, विपक्षी गठबन्धन तथा कांग्रेस समेतको साथले सञ्चालन गरेका मातृका यादव हराउ अभियानका बाबजुद स्थानीय कार्यकर्ताको विशेष मिहनेत र मातृका यादवको हार्ने निश्चित हुँदाहुँदै पनि जुनसुकै लडाई सम्पूर्ण शक्तिका साथ लड्ने शैलीका कारणले एक्काइस हजार भन्दा बढी मत पाउनु र सो जनादेशकै धरातलमा टेकी जनाधिकार तथा विकासको एजेन्डालाई उच्च मनोवलका साथ जनसेवामा जुट्न अवश्य प्रेरित गर्छन् नै। हारबाट शिक्षा लिदै अगाडि बढ्नु पर्नेछ। सबैला नगरपालिकाबाट विकास तथा सुशासनको नयाँ मोडेल दिन सके, त्यस क्षेत्रका जनताले मातृका यादव हारेर के गुमाएको भने अनूभूत अवश्य नै गर्ने छन्।

*(लेखक देवशरण यादव अधिवक्ता हुनुहुन्छ। चुनाव प्रचार तथा त्यसको तयारीको क्रममा धनुषा १ मै हुनुहुन्थ्यो। त्यहाँ उहाँले गरेको अनुभवलाई प्रस्तुत गर्नुभएको छ।)*

अन्तरवार्ता



# ‘संसदमा आएका केही व्यक्तिका कारण संघीयता तथा पहिचानवादीलाई चिन्तित बनाएको छ’

■ मनिष सुमन

कार्यकारिणी सदस्य एवं प्रवक्ता, जनता समाजवादी पार्टी नेपाल

**जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी २ बाट चुनावमा पराजित हुनुभएको छ। यो कुराले नेपालको राजनीतिमा ठाउँ पाएको छ। उपेन्द्र यादव र उहाँको पार्टी जसपामाथि अहिले विभिन्न टिप्पणी भइरहेका छन्। आखिर यो अवस्था आउनुमा दोषी को ? कहाँ भयो त्रुटी ? यही विषयमा केन्द्रीत रहेर सो पार्टीका प्रवक्ता एवं कार्यकारिणी सदस्य मनिष सुमनसँग हामीले कुराकानी गरेका छौं। प्रस्तुत छ, उहाँसँग गरिएको कुराकानीको सम्पादीत अंशः**

**यसपालीको चुनावमा सप्तरी २ निकै चर्चामा रह्यो। त्यो तपाईको चुनावी क्षेत्रपनि हो। त्यहाँ जसपाका किन कमजोर भयो ?**

जसपा कमजोर भएको छैन। जसपा जहाँको त्यही छ। त्यहाँका जनताले त्यो क्षेत्रमा नयाँपन खोजेको हो। त्यही कारणले त्यहाँ त्यस्तो देखिएको हो। सप्तरीमा मात्र होइन, देशभरकै जनताले यसपाली केही नयाँ खोजेका छन्। त्यसको प्रभाव सप्तरीमा पनि परेको हो, कुरा त्यति मात्र हो। जसपा नेपाल कमजोर भएको छैन। हामी निर्वाचनमा मात्र पराजित भएका छौं। विचारले, सिद्धान्तले, संगठनले मिसनले हामी कमजोर भएका छैनौं। हाम्रो पार्टीको एजेण्डा, मुद्दा अहिले पनि सबै पार्टीभन्दा एग्रेसिभ छ। त्यसैले जसपा त्यहाँ कमजोर भएको छैन, बरु वैचारिक रुपमा झन बलियो भएको छ।

**मान्छेले नयाँ त्यतिबेला खोज्छन्, जब पुरानोबाट गरेको अपेक्षा पुरा भएको हुँदैन। तपाईहरुबाट सप्तरीका जनताले गरेको अपेक्षा पुरा गर्नु भएन त्यही भएर त्यहाँको जनताले नयाँ रोजेका हुन् कि ?**

हामीलाई लाग्दैन कि हामीले सप्तरीवासीको अपेक्षा पुरा गरेका छैनौं। उपेन्द्र यादवको नेतृत्वमा सप्तरीमा थुप्रै कामहरु भएका छन्। ६०-७० साले संसदीय राजनीतिमा हामी सप्तरीबासीले थुप्रैपटक आफ्नो प्रतिनिधि चुनियौं। तर सप्तरी २ मा कुनै पनि प्रतिनिधिले गर्न नसकेको काम उपेन्द्र यादवले यो साढे चार वर्षको अवधिमा गर्नुभयो। रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्व विद्यालय, विभिन्न सडक सञ्जाल, मेडिकल कलेज, इञ्जिनियरिङ कलेज, नरसिङ कलेजलगायत रोजगारी सृजनालगायतका अन्य थुप्रै काम हामीले त्यहाँ गरेका हौं। यो कुराको मनन त्यहाँको जनताले पनि गरेका छन्। तर त्यहाँको जनतामा सायद यो भन्दा बढी अपेक्षा थियो कि त्यो थाह भएन तर विकास निर्माणको मामिलामा हाम्रो जसपाका अध्यक्ष उपेन्द्र यादवले जनताको अपेक्षाभन्दा बढी काम गर्नुभएको छ। तर त्यो भन्दा बढी  अपेक्षा गरे कि जस्तो लाग्यो। अब चुनिएका ती जनप्रतिनिधिले ती अपेक्षाहरु पुरा गर्नुहुनेछ भनि विश्वास गरौं।

**तपाई गत चुनाव त्यहीबाट जित्नुभएको थियो, अहिलेको चुनावमा पनि पुरा समय त्यहीको जनतालाई दिनुभयो, तपाईलाई के लाग्छ त्यहाँको जनताले नयाँ अपेक्षा के गरेका होलान् ?**

हामीमाथिको रोष, हामीबाट अपेक्षा पुरा नभएको भन्दा पनि यसपाली सो क्षेत्रका लागि नयाँ उम्मेदवार हुनुहुन्थ्यो सिके राउत। उहाँले समाजिक सञ्जाललगायत विभिन्न सञ्चारमाध्यममार्फत जनतासमक्ष थुप्रै सपना बाँड्नु भयो। ती सपनाहरु पुरा हुने अपेक्षा त्यहाँका जनताले गरेको छ। १० लाख युवालाई रोजगारी दिने, एक घर एक रोजगारी दिने, नेपालमा मधेश रहने कि छुट्टिने विषयमा जनमत संग्रह नै गराउने, तत्काले मल खाद उपलब्ध गराउने जस्ता सपना उहाँले बाँड्नु भएको छ। उहाँले बाँडेका ती सपना कसरी पुरा गर्ला त्यो आउने दिनले बताउनेछ। तर जनतामा ठूलो अपेक्षा जागेको छ। डाक्टर साहबले ती अपेक्षा पुरा गरोस् भनि मेरो शुभकामना छ।

**जनतामा सिके राउतको क्रेज, उहाँले गरेको प्रतिवद्धताले मात्र उहाँ चुनाव जित्नुभएको हो कि अरु पनि केही कारण छन् ?**

जनता जनार्दन हुन्। जनता भगवान हुन्। जनताले नयाँपन खोजे। सप्तरी २ मा मात्र होइन, देशैभर त्यो लहर देखिएको हो। त्यही नयाँपनमध्ये त्यहाँ (सप्तरी) का जनताले डाक्टर साहब (सिके राउत)लाई रुचाए। तीनजना उम्मेदवारमध्ये एकजना (जेपी ठाकुर)ले फिल्ड छाडि सक्नुभएको थियो। त्यहाँ दुईजना (सिके राउत र उपेन्द्र)मा मात्र प्रतिस्पर्धा थियो। त्यहाँको जनताले विकल्पको रुपमा डाक्टर साहबलाई रोजेका हुन्। अन्य अरु कारण केही पनि छैन। जनताले सिके राउतलाई रोजेको हो।

**त्यत्रो मधेश आन्दोलन भयो। त्यसक्रममा मधेशी नेताले त्यहाँका जनतासँग ठूला ठूला प्रतिवद्धता गर्नुभएको थियो। मधेश आन्दोलनपछि ती नेताहरु सत्ता र संसदमा अल्झिनुभयो तर ती प्रतिवद्धता पुरा गर्नेतिर जानुभएन। त्यसैको सजाय स्वरुप जनताले यस्तो मत जाहेर गरेका हुन् भनि टिप्पणीहरु भइरहेका छन् यसमा तपाईको टिप्पणी के छ ?**

मधेशवादी दलका नेताहरु आफ्नो वाचामा खरो उत्रे भनि म दावा गर्दिन। सत्यमणी त्रिपाठीले सुरु गर्नुभएको मधेश आन्दोलन, गजेन्द्रबाबुदेखि आजसम्मको भएको मधेश आन्दोलनपछि आजको यो अवस्थामा पुर्‍याउनमा मधेशवादी दलले खेलेको भूमिकाको सलाम गर्नैपर्छ। आज उदाएका दलहरुले पनि आफ्ना अभिभावकत्व दललाई सलाम गरेनन् भने इतिहासप्रतिको बेइमानी हुन्छ। म ३३-३४ वर्षदेखि यही राजनीतिमा छु। एकदिन यस्तो समय थियो कि मधेशी भएर पनि यो राज्यमा बाँच्न पाउने अधिकार थिएन। मधेशवादी दलको देन, विभिन्न समिति, प्रतिनिधि सभा र प्रदेश सभामा मधेशी दलको क्रियाशिलताका कारण मधेशीले आफ्नो पहिचान पाएको छ। प्रदेश नम्बर २ को नाम मधेशबाट राखिएको छ। मधेश सरकार बनेको छ। मधेश आन्दोलनताका मधेशका विभिन्न कार्यालयहरुमा आन्दोलनकारीले नेपाल सरकार मेटाएर मधेश सरकार लेखेका थिए आज ती सपना पुरा भएको छ। अहिले मधेशका विभिन्न कार्यालयहरुमा मधेश सरकार लेखिन थालेका छन्। त्यो हेर्दा हामीलाई गर्व लाग्छ। यी सबै मधेशी दल, मधेशी नेताहरुको देन हो। मधेशी जनताको देन हो। आज देशमा संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी समानुपातिक, आरक्षणको व्यवस्था गरिएको छ। यहाँसम्म कि २०७२ मा जारी गरिएका संविधानमा विभिन्न ठाउँमा मधेश शब्दको उच्चारण गरिएको छ। राष्ट्रले मात्र होइन, अन्तरराष्ट्रिय जगतले पनि मधेशलाई स्विकार गरिसकेको छ। ती सबै मधेशवादी दल र त्यसका नेताहरुकै योगदानका कारणले भएको हो। अपेक्षा यो भन्दा बढी थियो होला कि ती पुरा नभएको होला तर मधेशवादी दल र त्यसका नेताहरुले दिएको योगदानलाई अहिले नै नजरअन्दाज गर्न मिल्दैन।

**कुरा जे जस्तो भएपनि सप्तरी २ मा उपेन्द्र यादवलाई हराउनका लागि विदेशी शक्तिहरु पनि लागेका थिए भनि त्यसको व्यापक चर्चा भए, यसमा तपाईको भनाई के छ ?**

त्यस्तो लाग्दा पनि लाग्दैन। त्यहाँका जनताको स्वविवेक छन्। कुनै परतन्त्रले, कुनै छिमेकीले यी सब गराइ दिएको भने होइन। जनताको स्वविवेकीले यी भएका हुन्। जनताले स्वविवेक प्रयोग गरेर यो निर्णय गरे, निष्पक्ष ढंगबाट निर्णय गरे जसलाई हामीले स्विकार पनि गरिसकेका छौं। कसैको हात वा कुनै शक्ति केन्द्रले होइन त्यहाँका जनताले विकल्प खोजेका हुन्। विकल्पमा सिके राउतलाई रोजेका हुन्। अरु केही कारण छैन।

**तपाईले पत्रकार सम्मेलन गरेर नै विभिन्न देशी विदेशी शक्तिहरु सप्तरीमा आएर बसेका छन् भन्नुभएको थियो होइन ?**

कुनै एउटा संस्थाले धार्मिक सदभावलाई बिथोल्ने गरि एउटा प्रचार गरिएका थियो। त्यही सन्दर्भमा मैले पत्रकार सम्मेलनको आयोजना गरेको थिए। सिके राउतले पनि एउटा भिडियो बनाएर, प्रहरी र जसपाको साँठ गाँठ छ रे। प्रहरीसँगको मिलोमतोमा पैसा बाँडि रहेका छन् रे जस्ता भ्रामक सामाग्रीहरु पोष्ट गरेर त्यसको बारेमा भ्रम फैलाउने काम गर्नुभएको थियो। एउटा संस्थाले जुन पर्चा बाँडेको थियो त्यो सबैले देखेका थिए। हाम्रा नेताहरुलाई मुस्लिम भनेर, चिनियाँ एजेण्ट भनेर भ्रामक काम गरेको थियो। जुन मिथ्या हो, गलत हो, हाम्रो पार्टी विरुद्धको षड्यन्त्र हो भन्नका लागि हामीले पत्रकार सम्मेलनको आयोजना गरेका थियौं। त्यसका लागि कुनै देशी वा विदेशी शक्ति लागेका होला त्यो भन्न सक्दिन तर चुनावको मुखमा त्यो क्षेत्रमा जुन हर्कतहरु भए त्यसको खण्डनका लागि हामीले पत्रकार सम्मेलनको आयोजना गरेका थियौं। जनतामा छरिएको भ्रमलाई हामीले चिर्ने काम गर्‍यौं। जनतालाई हामीले यथार्थ कुराको जानकारी गराएका थियौं।

**यो चुनाव जसपाका लागि एउटा ठूलो पाठ हो, यो पाठबाट अब जसपा कसरी अगाडि बढ्छ ?**

सधै सबै कुरा, सबै शक्ति एउटै पार्टीको रहि रहन्छ भने होइन। अगामी पाँच वर्ष हेर्दा हेर्दै बित्छ। पाँच वर्षमा हामीले गरेको गल्ती कमि कमजोरीहरुको समिक्षा गर्छौं। हामीबाट कहाँ मिस्टेक भयो, कहाँ त्रुटी भयो भन्ने कुराको विश्लेषण गर्छौं। त्यो समिक्षा र विश्लेषणको आधारमा हामीले आफ्नो अगामी यात्रा तय गर्नेछौं। अगामी दिनमा हामी झन खरो तरिकाले अगाडि बढ्छौं र संगठनलाई झन बलियो बनाउनेछौं।

**तपाईहरुकै सहकर्मी दल लोसपा राष्ट्रिय दल बन्नबाट बन्चित भएको छ। तपाईकै जसपाको साइज घटेको छ। यस्तो किन भयो पक्कै पनि कही नकही त्रुटी भएको हो भनि जस्तो लाग्दैन तपाईलाई ?**

को बलियो, को कमजोर त्यसको परीक्षा पाँच वर्षको अवधिमा हुन्छ र त्यसको परिणाम आइ नै हाल्छन्। उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरम पनि यस्तै लहरका कारण ठूलो र बलियो भएको शक्ति हो। गजेन्द्रनारायण सिंह पनि नेपाल सद्भावना पार्टी गठन गरेर एउटा ठूलो शक्ति निर्माण गर्नुभएको थियो। यी शक्ति अझै कायम छन्। अझै पनि मधेशी जनतालाई जनजागृत गरिरहेका छन्। ठूला दल (काँग्रेस, एमाले, माओवादी)का मधेशी नेताहरु जसले मधेशी नेताले ल्याएको समावेशी समानुपातिक, राज्यपुन संरचनाको एजेण्डालाई विरोध गरेका हुन्छन् तर आआफ्नो दलमा आफ्नो उपस्थिति देखाउनका लागि त्यही समावेशी समानुपातिकलाई आधार मानेका हुन्छन्। ठूला भनाउँदा दलहरुमा मधेशी नेताहरुले पनि आरक्षणको नाममा, समावेशीको नाममा ठाउँ पाउनु भनेको मधेशी दलकै योगदान हो। काँग्रेसबाट डा.रामवरण यादव गणतन्त्रको पहिलो राष्ट्रपति बन्नुमा मधेशी शक्तिको देन हो। विमलेन्द्र निधि, रघुवीर महासेठ, मातृका यादवलगायत थुप्रै मधेशी नेताहरुले आआफ्नो दलमा जुन स्पेश पाइरहनु भएको छ त्यो मधेश आन्दोलनकै देन हो। त्यसैलै कुन दल बलियो, कुन दल कमजोर भए भन्दा पनि त्यसको योगदानको आाधारमा मूल्यांकन गर्नुपर्छ। होला काम गर्ने क्रममा हामीबाट पनि त्रुटी भएको होला, त्यसलाई हामीले नकार्न सक्दैनौ तर हाम्रो पार्टीको योगदान र संघर्षलाई अवमूल्यन कदापी गर्न मिल्दैन। मधेशवादी दल विभक्त छन्। त्यो विभक्तताले साँच्चै अलिकति कमजोर देखिएका छन्। तर मधेश आन्दोलन, मधेशवाद झन सशक्त भएर अगाडि बढेको छ।

**अहिले संसदमा जुनखाले व्यक्ति र पार्टी चुनिएर आइरहेका छन्, त्यसमाथि अहिले अनेक शंकाहरु भइरहेका छन्। यी दल र व्यक्तिका कारण देशको संघीय प्रणालीमा नै असर गर्छ, संसद र सरकारलाई पनि राम्रोसँग चल्न दिँदैन जस्तो टिप्पणीहरु भइरहेका छन्, तपाईलाई कस्तो लाग्छ ?**

यी शंकाहरुलाई अस्विकार गर्न सकिदैन। साँच्चै कतिपय दलहरु गठन हुने वित्तिकै शक्तिको रुपमा अगाडि देखिएका छन्। ती दल र व्यक्तिमाथि विभिन्न शंका जन्माएको छ। विभिन्न शक्तिहरुसँग साँठगाँठ देखिएको छ। यस्तो अवस्थमा भोली यो संघीयता रही रहन्छ भनि त्यसको ग्यारेन्टी छैन। काठमाडौंमा बस्ने कतिपय ठूला ठालूहरुलाई यो संघीय व्यवस्था मन परेका छैनन्। केही दल तथा व्यक्तिले खुलेरै भन्छन्, संघीयता र गणतन्त्र चाहिदैन। कुनै दलले संघीयता र गणतन्त्रलाई रुचाएको छ भने त्यो सरकार तथा संसदमा जानका लागि मात्र हो। त्यसको प्राथमिकतामा कहिले संघीयता र गणतन्त्र रहेन। हामी संघीयतावादीका लागि भोलीका दिन साँच्चै चुनौतीपूर्ण हुनेछ।

**यस्तो मत त जनताले नै जाहेर गरेको हो नि यसको मतलब जनताले नै संघीयता र गणतन्त्रको विकल्प खोजेको हो त ?**

जनता कदापी दोषी होइन। यद्यपी जनताले एउटा नौलोपाना खोजेको अवश्य हो। रामले गर्न नसकेको काम श्यामले गरिहाल्छन् कि भन्ने सोचका साथ जनताले मत हालेका हुन् तर श्यामले भोली गएर गलत काम गर्छन् भने त्यसको दोषी जनता हुनसक्दैन। जस्तै, हाम्रै क्षेत्रका सिके राउतले १० लाखलाई रोजगारी दिन्छु भनेर संसद बन्नुभएको छ। मधेश नेपालमै रहने कि अलग हुने त्यसका लागि जनमत गराउने भनेर संसद बन्नु भएको छ। भोलीको दिनमा ती वाचाहरु कसरी पूरा गर्छन् त्यो हेर्न बाँकी नै छ। त्यस्तै, रवी लामेछानेले प्रदेशमा आफ्नो दलबाट उम्मेदवारी दिन लगाउनु भएन, उहाँले पनि जनतासँग पपुलर प्रतिवद्धताहरु गरेर आउनु भएको छ। ती प्रतिद्धता कसरी पुरा हुन्छ त्यो हेर्न बाँकी नै छ। यद्यपी जनताले संघीयता र गणतन्त्रको विकल्प पक्कै पनि खोजेको छैन। यदि जनताबाट भूलवश कुनै त्रुटी भएको पनि छ भने पाँच वर्षपछि पक्कै पनि त्यसलाई सच्याउनेछ।  तर आएका नव नेता तथा दलहरुबाट हुने हर्कतप्रति चिन्ता अवश्य बढाएको छ।

# सहिदका सपना साकार गर्न राज




मधेश आन्दोलन चलिरहँदा ममता चौधरी क्याम्पसका विद्यार्थी हुनुहुन्थ्यो । जनकपुरमा प्लस टुमा अध्ययन गरिरहनु भएको ममता चौधरीलाई त्यतिबेला पढाईभन्दा आन्दोलनले आकर्षित गरिसकेको थियो । कलेज छाडेर उहाँ आन्दोलनमा रमाउन थाल्नु भएको थियो । आफ्नो दाइहरुसँग आन्दोलनमा जानुहुन्थ्यो । तर यसरी छोरी जाती भएर मधेश आन्दोलनमा सहभागी हुँदा उहाँको घरपरिवार खासगरि आमालाई मन पर्दैन्थ्यो । उहाँको बुवाको निधन ममता चौधरी सानै हुँदा भएको थियो ।

ममता चौधरी सानैदेखि क्रान्तकारी स्वभावको हुनुहुन्थ्यो । अन्याय अत्याचार, विभेद नसहने, लागेको कुरा फ्याट बोली हाल्ने बानी भएको कारण उहाँ आन्दोलनमा जाँदा घरका सदस्यहरु चिन्तित हुन्थे । उहाँको क्रान्तिकारी स्वभावका कारण कसैसँग झगडा वा केही नभइ जाओस् भनि उहाँका आमा हरहमेसा चिन्तित हुनुहुन्थ्यो । ममता चौधरी मधेश आन्दोलनमा जाँदा त्यहाँ जानबाट रोक्नका लागि रुनु हुन्थ्यो उहाँको आमा गीतादेवी चौधरी ।

उहाँको आफ्नो क्रान्तकारी स्वभाव, स्वभानी विचार, कसैको अगाडि नझुक्ने, नेता तथा वरिष्ठको अगाडि पछाडि नगर्ने बानीले गर्दा उहाँ आजको राजनीतिमा पछाडि पर्नुभएको छ । नत्र उहाँ सहिद परिवारका सदस्य हुनुहुन्छ । कुनै नेताको अघिपछि लागेर राजनीतिमा जे पनि गर्न सक्नु हुन्थ्यो तर ममता चौधरीको स्वभावले मान्दैन । चार दाजु भाइमध्येको घरको एक्ली छोरी भएको कारणले उहाँप्रति सबैको माया र स्नेह छ । घरमा सबैको प्यारी हुनुहुन्छ । त्यसैले सबैको सल्लाहमा उहाँ राजनीतिमा होमिनु भएको छ । यो राजनीतिले ममता चौधरीको भविष्यलाई कहाँ लैजान्छ त्यो कुरा उहाँलाई स्वयं थाह छैन । उहाँले आफ्नो आमालाई भन्नुहुन्थ्यो, 'म तपाईको छोरी होइन, छोरा हुँ । तपाईका चारजना छोरा होइनन् पाँचजना छोरा छन् भनि बुझ्नुस् ।' छोरी मान्छे भएर आन्दोलन तथा विभिन्न कार्यक्रममा सहभागी हुन्छु भनेर नडराउन, मलाई केही हुँदैन भन्दै उहाँले आफ्नो आमालाई सम्झाउनु हुन्थ्यो ।

यो आन्दोलन आफ्नो लागि होइन, देश र मधेशको लागि गरिरहेको छु, आन्दोलन सफल भएपछि उत्पीडनमा परेका समुदायले अधिकार पाउँछन्, पढेलेखेकाले रोजगारी पाउँछन्, जनताले आफ्नो अधिकार आफै प्रयोग गर्न पाउँछन् जस्ता



कुरा भनेर उहाँले आफ्नो आमालाई कन्भिन्स गर्नुहुन्थ्यो ।

हुनत यी आन्दोलन तथा विभिन्न समाजिक कार्यक्रममा जाँदा मामता चौधरीका दाजुहरुले पनि रोक्ने गर्नु हुन्थ्यो तर दाजुहरु राजनीति संस्कारबाट हुर्केका, राजनीति जानेका कारण उहाँलाई त्यति दवाव दिदैन्थे । कार्यक्रमहरुमा जाँदा दाजुहरुले रोक्न खोज्दा ममता चौधरीले उल्टै भन्नुहुन्थ्यो, 'सुरुमा तपाईहरुले नै यस्तो सिकाउनु भएको हो, आज यसरी रोक्नु हुन्छ, मलाई नरोक्नुस् ।' ममता चौधरी पढाई लेखाईमा व्यस्त भए पनि उहाँमा राजनीतिक चेतनाको विकास सानैदेखि भइसकेको थियो ।

**राजनीति र परिवार**

सन्तोष चौधरी, सञ्जय चौधरी, मनोज चौधरी र राजु चौधरी गरी उहाँका चारजना दाजु भाइ हुनुहुन्छ । त्यसमध्ये सन्तोष चौधरी र सञ्जय चौधरी सक्रिय राजनीतिमा हुनुहुन्थ्यो । सन्तोष चौधरी नेपाल सद्भावना पार्टीमा २०४९ सालमा नै सदस्यता लिएर सो पार्टीमा आवद्ध भएर राजनीति गर्नुहुन्थ्यो । सन्तोष चौधरी मधेशमा लामो समय राजनीति गरेपनि अवसरका लागि कहिले लोभ गर्नुभएन ।

मधेश र मधेशका लागि केही गर्नुपर्छ भनि गजेन्द्रनारायण सिंहको स्कूलिङबाट हुर्केका उहाँहरुबाट ममता चौधरीले राजनीतिको क ख सिक्नु भएको हो । कहिले काही दाइहरुको साथमा राजनीतिक कार्यक्रममा जानुहुन्थ्यो । घरमा पनि राजनीतिक कुरा हुँदा ममता चौधरी बडो घत लगाएर सुन्नुहुन्थ्यो । त्यसमा चासो लिनु हुन्थ्यो । कतिपय नबुझेको कुरा दाइहरुलाई सोध्नु हुन्थ्यो ।

**राजनीतिमा रुची**

विस्तारै विस्तारै उहाँको रुची राजनीतिमा गइ सकेको थियो तर दाइहरु राजनीतिमा भएको कारण ममता चौधरी सक्रिय भइरहनु भएको थिएन । उहाँले भन्नुभयो, ' मलाई राजनीतिको ज्ञान भइसकेको थियो, मलाई सबै कुरा थाह थियो तैपनि म सक्रिय राजनीतिमा आउन चाहेको थिइनन् किनभने मेरा दाइहरु राजनीतिमा हुनुहुन्थ्यो उहाँहरुलाई नै सहयोग गर्थे ।' सानोतिनो राजनीतिक गतिविधिमा सहभागी भएपनि, राजनीतिको ज्ञान भएपनि यसरी सक्रिय राजनीतिमा आउँछु भनि उहाँले सोच्नु भएको थिएन । तर परस्थितिले उहाँलाई राजनीतिमा सक्रिय बनाई दियो । उहाँ भन्नुहुन्छ, 'म पढाई लेखाईमा राम्रै थिए, म स्कूलदेखि नै राम्रो विद्यार्थीमा काउन्ट हुन्थे, पढाई लेखाइ सकाएर जागिर गरेर सेटल हुने सोच थियो तर परस्थितिले यहाँसम्म ल्याई पुर्‍यायो ।'

**दाजु सहिद**

२०७२ सालमा भएको मधेश आन्दोलनमा ममता चौधरीका दाजु सञ्जय यादवले सहादत दिनुभएको थियो । त्यतिबेला सञ्जय यादव राजेन्द्र महतोको नेतृत्वको तत्कालिन सद्भावना पार्टीमा सक्रिय हुनुहुन्थ्यो । अधिकार र पहिचानका लागि भएको मधेश आन्दोलनमा सहभागी हुँदा प्रहरीको गोलीबाट उहाँको निधन भएको थियो । सञ्जय यादवले पनि मधेश राजनीतिबाट कुनै अवसर लिनु भएको थिएन । बरु मधेशका लागि उहाँले बलिदानी दिनुभयो । २०७० को संविधान सभा चुनावमा भाग लिने सोच थियो उहाँको । उहाँले टिकट पनि माग्नु भएको थियो तर पार्टीले टिकट दिएको थिएन । तर उहाँ मधेशका लागि आफ्नो ज्यान नै दिनुभयो र आज उहाँ अमर बन्नुभएको छ ।

संजय चौधरीको निधनपछि ममता चौधरी राजनीतिमा आउनु भएको हो । सद्भावना पार्टीबाट पनि उहाँलाई राजनीतिमा आउन आग्रह पनि गरिएको थियो । घरमा पनि सल्लाह भयो कि परिवारबाट एकजना राजनीतिमा हुनुपर्छ । सञ्जयले देख्नु भएको सपना परिवारबाट कोही एकजना राजनीतिमा नगएसम्म पुरा हुँदैन भनेर ममता चौधरीलाई नै राजनीतिमा पठाइएको थियो ।

**शिक्षा**

भारतको दार्जिलिङबाट स्कूल पढाई पुरा गर्नुभएका ममता चौधरी प्लस टु जनकपुरबाट गर्नुभयो । र पूर्वअञ्चल युनिभर्सिटीअन्तरर्गतको ह्वाइटहाउस कलेज काठमाडौबाट बीबीए र एमबीए गर्नुभयो । बीबीए सकाएर उहाँले एयरपोर्टमा ममता चौधरीले जागिर सुरु गर्नुभएको

# जनीतिमा सक्रिय ममता चौधरी

थियो । जागिरका साथसाथै उहाँले आफ्नो पढाईलाई पनि निरन्तरता दिनुभएको थियो । जागिर गर्दै उहाँले एमबीए पनि गर्नुभयो । एमबीएमा पढ्दा नै उहाँको दाइ सञ्जय चौधरी सहिद बन्नुभएको थियो । घरमा सबभन्दा बढी होनहारमध्येका सञ्जय चौधरीको निधन भइसकेपछि घरको अवस्था आर्थिक रुपमा खराब भइरहेको थियो । उहाँले घरका सबै काम सम्हाल्नुको साथै विजनेश व्यपार पनि गर्नुहुन्थ्यो । ममता चौधरीलाई पढाउनु लेखाउनुमा सञ्जय चौधरीको ठूलो योगदान थियो । हुन त ममता चौधरीका अन्य दाजुहरु पनि सहयोगी नै हुनुहुन्थ्यो तर आर्थिक रुपमा सबभन्दा बढी सहयोग सञ्जयले गर्नुहुन्थ्यो । राजनीतिक रुपमा र आर्थिक रुपमा उन्नती गर्ने, घरव्यवहार चलाउने मुख्यव्यक्तिको नै निधन भइसकेपछि सबै तनाव थिए ।

तत्कलिन सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतो सो पार्टीका अर्का नेता संजय सिंहलगायतका नेताहरुले जागिर गरिरहनु भएका ममता चौधरीलाई राजनीतिमा ल्याउनुभएको थियो । सहिद परिवारका सदस्य त्यसमा पनि महिला भएको कारणले राजनीतिमा निकै सम्भावना रहेको भन्दै ममता चौधरीलाई राजनीतिमा ल्याइएको थियो ।

ममता चौधरी पनि सुरुदेखि राजनीतिमा रुची राख्नु हुन्थ्यो । राजनीति गतिविधिमा आउजाउ गर्नुहुन्थ्यो । राजनीतिक विषयवस्तुको जानकार हुनुहुन्थ्यो त्यही भएर उहाँलाई राजनीतिमा आउन गाह्रो भएन । स्कुल पढ्दा उहाँ सधैं आफ्नो क्लासको मोनिटर हुनुहुन्थ्यो । नेतृत्व कसरी गरिन्छ । मोटीभेट कसरी गरिन्छ जस्ता कुराको ज्ञान स्कूलबाट नै प्राप्त भएको थियो । त्यसले गर्दा उहाँलाई सक्रिय राजनीतिमा आउन गाह्रो भएको थिएन । सक्रिय राजनीतिमा आए पनि उहाँले पढाईलाई निरन्तरता दिनु नै भयो । राजनीतिका साथै उहाँले पोल्टिकल साइन्समा उहाँले टियुबाट मास्टर्स पनि गर्नुभयो ।

२०७२ मा उहाँको भाइले सहादत प्राप्त गरेपछि ममता चौधरी राजनीतिमा सक्रिय हुनुभयो । २०७४ मा भएको स्थानीय चुनावमा तत्कालिन राजपा नेपालले थिरेश्वरनाथ नगरपालिकामा उपमेयर पदमा उहाँलाई टिकट दिएको थियो । तर उहाँले चुनाव जित्नु भएन । त्यसपछि उहाँ पार्टीमा झन सक्रिय भएर लाग्नु भयो । सद्भावना पार्टीको राष्ट्रिय विद्यार्थी संघको केन्द्रीय सदस्यबाट औपचारिक रुपमा राजनीति सुरु गर्नुभएका ममता चौधरी दुई वर्षपछि राष्ट्रिय जनता पार्टी नेपालको केन्द्रीय सदस्य बन्नु भएको थियो । राजपा र उपेन्द्र यादव नेतृत्वको तत्कालिन समाजवादी पार्टीबीच एकीकरण भएर जनता समाजवादी पार्टी नेपाल गठन भएको थियो । त्यो जसपा नेपालमा पनि ममता चौधरीलाई केन्द्रीय सदस्य बनाइएको थियो । जसपा नेपालमा पनि उहाँ सहिद परिवारका नाताले सक्रिय राजनीति गर्नुभयो । पार्टीले दिने हरेक जिम्मेवारी उहाँ पुरा गर्नुहुन्थ्यो । जसपाबाट अलग भएर लोकतान्त्रिक समाजवादी पार्टी गठन भएपछि उहाँ पनि सोही पार्टीमा लाग्नुभयो । लोसपा पनि पार्टीको केन्द्रीय सदस्य बनाउने आश्वासन दिएको छ ।

यसपटकको आमाचुनावमा उहाँले टिकट लिएर नै चुनाव लड्ने सोच बनाउनु भएको थियो । तर पार्टीले सहिद परिवारको सदस्य भएको कारण सम्मान स्वरुप समानुपाति सांसद नै बनाउने नेताहरुले भन्नुभयो । र सोही अनुसार उहाँको नाम प्रदेश सभातर्फ समानुपातिक उम्मेदवार बनायो तर उहाँको नाम छैठो नम्बरमा राखिएको छ । ममता चौधरीले भन्नुभयो, 'समानुपातिकमा नाम राख्नका लागि मलाई सोधिएको थियो तर मैले यदि नाम नै राख्ने हो भने नामका लीगि मात्र नाम नराख्नुस् बरु त्यो भन्दा राम्रो त नराख्दा नै राम्रो, राख्ने हो भने क्रम सँख्या एक वा दुई नम्बरमा राख्नुस् भनेको थिए तर पार्टीका शीर्ष नेताहरुले नाम जहाँ राखेपनि तपाईको हुने निश्चित छ ।' कुनै पनि हालतमा समानुपातिक सांसद बनाउने कुरा पार्टीका अध्यक्षदेखि लिएर वरिष्ठ नेताहरुले आश्वासन दिनुभएको छ, तर पार्टीले अहिल प्राप्त गरेको मत र समानुपातिमा राखिएको नामको सँख्या आफूलाई समानुपातिक सांसदमा छनौट हुने कुरामा आफूलाई विश्वास नलागेको उहाँले बताउनुभयो । तर आफूले आशा नमारेको उहाँले बताउनुभयो । नेताहरुले भन्नुभएको छ, भने हुन्छ ।' कसैले सोच्दो होला कि राजनीतिमा गएर पैसा कमाउँछन् तर आफ्नो त्यस्तो सोचाई नरहेको बताउँदै उहाँले आफूले देशका जनता र सहिदका लागि केही गर्ने सोचका साथ राजनीतिमा लागेको बताउनुभयो । 'मैले चाहेको भए नेपालमा कुनै राम्रो जागिर खोजेर सेटल हुन सक्थे र अहिले पनि सक्छु तर जागिर गरेपछि म र मेरा परिवारले विश्वास त गर्नुपर्छ भन्दै उहाँले आफू सहिदको सपना सकार गर्नका लागि सांसद बन्न चाहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'मेरो दाइ मधेश राजनीतिमा धेरै लामो समय काम गर्नुभयो, मधेश आन्दोलन हुँदा उहाँले मधेशी जनताका लागि सहादत पनि दिनुभयो तर उहाँले देख्नु भएको सपना पुरा गर्ने अभिभारा मेरो काँधमा आइसकेको छ कमसे कम दाइको सपना पुरा गर्नका लागि भएपनि सांसद भएर नीति निर्माण तहसम्म पुग्नुपर्ने मात्र त्यसबाट फाइदा लिन्छ तर मजस्ता व्यक्ति राजनीतिमा आए भने पुरै देशलाई नै फाइदा हुन्छ, उहाँले भन्नुभयो, 'म १५ वर्षदेखि राजनीतिमा छु ६-७ वर्ष यतादेखि सक्रिय भएको हुँ म नाफा नोक्सान हेरेर राजनीतिमा आएको होइन । सहिदको सपना पुरा गर्ने उद्देश्यले राजनीतिमा आएको हुँ ।'




### सहिदका नाममा ठगी

मधेशका युवा जेका लागि सहादत दिनुभयो त्यो पुरा भएको छैन । सहिदको नाममा नेताहरुले ठग्ने काम मात्र गरेको बुझाई ममता चौधरीको रहेको छ । संघीयता अधुरो छ, प्रदेशको निर्माण अधुरो छ, अधुरो संविधान पनि बनेको छ । नागरिकताको समस्या जस्ताको त्यस्तै छ, भाषाको समस्या पनि समाधान भएको छैन, शिक्षा र स्वास्थ्यको अवस्था जस्ताको त्यस्तै छ । यी सबै पुरा गराउनका लागि मधेशका युवाले सहादत दिनुभएको थियो तर दलका नेताहरु आआफ्नो स्वार्थमा अल्झेर सहिदको चाहनालाई पुरा गर्न नसकेको ममता चौधरीको दावी छ ।

राजनीतिमा थुप्रै राम्रा मान्छेहरु छन्, पढेलेखेका छन् त्यसलाई अगाडि बढाउनुपर्छ, त्यस्ता व्यक्तिलाई पार्टीमा अवसर दिनुपर्छ तर नेतारुले त्यस्ता व्यक्तिहरुलाई अवसरबाट बन्चित गरिरहनु भएको उहाँले बताउनुभयो । पढेलखेका क्षमतावान व्यक्तिहरु राजनीतिमा आयो भने देश अवश्य सुधारतिर जान्छ तर यी कुराहरु सुन्ने र बुझ्ने फुर्सद छैन नेताहरुलाई ।

सहिदको नाममा नेताहरुले ठूला ठूला भाषण गर्नुहुन्छ, सहिद परिवारलाई यो गरि दिने त्यो गरिदिने, घाइतेलाई यस्तो सुविधा दिने त्यस्तो सुविधा दिने भनि दलका नेता तथा सोही पार्टीका मन्त्री, मुख्यमन्त्रीहरु ठूला ठूला कुरा गर्नुहुन्छ तर यत्रो वर्ष भइसक्दा पनि सहिदको नाममा केही पनि नभएको गुनासो ममता चौधरीको रहेको छ ।

प्रत्येक सहिद परिवारमा एकजनालाई नोकरी दिने भनेको थियो तर खोइ, ममता चौधरीले भन्नुभयो, 'कतिपय सहिद परिवारका सदस्यलाई नियुक्ति पत्र दिएको छ तर उसलाई न काम दिएको छ न पैसा दिइरहेको छ । कसैलाई काम दिएको छ भने पुरै थर्ड क्लास काम दिएको गुनासो ममता चौधरीको छ । सहिदको नाममा मन्त्री हुने सांसद हुने तर सहिद परिवारका सदस्यलाई एउटा राम्रो काम पनि दिन नसक्ने यो कस्तो अवस्था आयो भन्दै उहाँले मधेश दलबाट सहिद परिवारका सदस्यहरुलाई अपमान गर्ने काम गरिरहेको दावी गर्नुभयो ।

उहाँले भन्नुभयो, 'मेरो परिवारबाट मेरो दाजु सहिद हुनुभएको छ, तर मेरो परिवारलाई न राज्यले हेरेको छ न कुनै पार्टीले ।' घरमा कमाउने एक मात्र व्यक्तिको देहान्त भएपछि त्यो घरको अवस्था कस्तो हुन्छ, त्यो कुरा आफूलाई मात्र थाह भएको बताउँदै उहाँले आफ्नो परिवारका लागि कसैले केही नगरेको गुनासो गर्नुभयो ।' लाभको पद वा आर्थिक रुपमा आम्दानी हुने कामभन्दा पनि सहिदको सम्मान हुने गरी सहयोग हुनेपर्ने बताउँदै उहाँले सहिदको अपमान हुनेगरी कुनै पनि कार्य नहुने पर्ने धारणा राख्नुभयो ।



### समाजिक सेवा

ममता चौधरी राजनीतिमा सक्रिय हुनुको साथै समाजिक काम पनि उहाँको त्यतिकै योगदान छ । गाउँघरमा महिलामाथि हुने हिंसा, पारिवारिक समस्या, झैझगडा मिलाउने काम पनि उहाँले गर्नुहुन्छ । राजनीतिकबाट समाधान हुने कुरालाई उहाँले राजनीतिक रुपमा समाधान गर्नुहुन्छ, व्यवहारिक रुपमा वा समाजिक रुपमा समाधान हुने विषयलाई उहाँले त्यसैगरि समाधान गर्नुहुन्छ ।

हुन त समाजिक काम र राजनीतिक कार्य एक अर्काका परिपुरक हुन् तर कामको प्रकृति फरक रहेको उहाँको बुझाई छ । समाजमा रहेका विकृति, विसंगतिको बारेमा बोल्दा कहिले काही राजनीतिक रुपमा फाइदा भएपनि कहिले काहीं घाटा पनि लाग्ने गरेको अनुभव ममता चौधरीले सुनाउनुभयो । उहाँले भन्नुभयो, 'कोही पीडित छन् यदि उसको पक्षमा वकालत गर्‍यो, प्रहरी प्रशासनमा गएर न्याय दिलाउने काम गरियो भने अर्को पक्ष त्यसबाट दुखि हुन्छन् र कुनैबेला राजनीतिमा त्यसको बदला लिन्छ ।' २०७४ को चुनावमा उपमेयरमा आफू हार्नुमा त्यो पनि एउटा कारणले रहेको ममता चौधरी बताउनुहुन्छ । बोल्नबाट नडराउने, सहीलाई सही भन्ने, गलतलाई गलत भन्ने आफ्नो आदत रहेको बताउँदै उहाँले त्यसले कहिले काहीँ राजनीतिमा फाइदा भएको छ भने कहिले काहीँ घाटा पनि भएको बताउनुभयो । त्यही क्रान्तकारी स्वभावका कारण घरमा आमा चिन्तित हुनुहुन्छ ।

समाचार

# लालमधेशसँग प्रचण्डको 'लभ एण्ड हेट'

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मधेशसँग आफ्नो 'लभ' रहेको कुरा एकपटक होइन, सार्वजनिक रुपमै पटक पटक भन्नुभएको छ । त्यही भनेर उहाँले सिरहा क्षेत्र नम्बर ४ बाट २०७० को दोस्रो संविधान सभा सदस्यमा चुनाव जित्नु भएको थियो । त्यसपछि मधेशसँग उहाँको 'लभ' झन झाँगियो । उहाँले आफू मधेशबाट नै हतियार चलाउन सिकेको समेत भन्न भ्याउनुभयो । माओवादी जनयुद्धको उदगमस्थल रहेको कुरा समेत उहाँ भन्न भ्याउनुभयो । उहाँले भनेको कुरा कति सही कति गलत भन्ने कुराको भेरिफाइ कतैबाट भएन तर मधेश खुस अवश्य थियो । माओवादीहरुले मधेशलाई लाल मधेश भन्न थालेका थिए ।

त्यहीं कारणले २०७४ मा भएको आमचुनाव हुँदा माओवादीले प्रत्यक्षमा पाँचवटा सीट जितेको थियो । मधेशमा माओवादीले यसलाई राम्रै उपस्थिति मानेको थियो । किनभने अन्य दुई ठूला दल काँग्रेस र एमालेभन्दा बढी सीट त्यतिबेला माओवादीले ल्याएको थियो । सायद प्रचण्डसँग ' लभ' कै परिणाम थियो त्यो तर त्यही मधेशले प्रचण्डसँग यसपटक 'हेट' गरेको छ । अर्थात प्रचण्डसँग आफ्नो सम्बन्ध तोडेको छ ।

मधेशमा माओवादी केन्द्रका दिग्गज नेताहरु चुनाव हारेका छन् । मधेश प्रदेशका ३२ प्रतिनिधि सभा क्षेत्रमध्ये माओवादी केन्द्रले सिर्फ ६ क्षेत्रमा आफ्नो उम्मेदवारी दिएको थियो । ती सबै क्षेत्रमा पराजित भएको छ । अर्थात प्रतिनिधिसभातर्फ माओवादी केन्द्र मधेशमा शुन्यमा झरेको छ । मधेश प्रदेशको आठ जिल्लामध्ये सप्तरी र पर्सामा प्रतिनिधि सभातर्फ माओवादीले उम्मेदवारी नै दिएको थिएन । यस्तो हुनुमा गठबन्धन दललाई दोष दिनुहुन्छ माओवादी केन्द्रका नेता जगत यादव । उहाँले भन्नुभयो, 'माओवादी केन्द्रले गठबन्धनमा रहेका उम्मेदवारलाई मतदान गरेपनि ती दलले हाम्रो उम्मेदवारलाई मतदान गरेको छैन । अर्थात पाँच दलीय गठबन्धनभित्र अन्तरघात भएको छ ।' पार्टीको आन्तरिक समस्याले पनि उम्मेदवारलाई असर गरेको छ तर मुख्य समस्या भनेकै गठबन्धनभित्रको अन्तरघात नै रहेको उहाँले दावी गर्नुभयो । माओवादी केन्द्रका अर्का नेता देवशरण यादवले माओवादी हार्नुमा अरु जेजे कारण भएपनि मुख्य कारण पार्टीभित्रको आन्तरिक विवाद नै रहेको दावी गर्नुभयो ।

**२०७४ मा भएको आमचुनाव हुँदा माओवादीले प्रत्यक्षमा पाँचवटा सीट जितेको थियो । मधेशमा माओवादीले यसलाई राम्रै उपस्थिति मानेको थियो । किनभने अन्य दुई ठूला दल काँग्रेस र एमालेभन्दा बढी सीट त्यतिबेला माओवादीले ल्याएको थियो । सायद प्रचण्डसँग 'लभ' कै परिणाम थियो त्यो तर त्यही मधेशले प्रचण्डसँग यसपटक 'हेट' गरेको छ । अर्थात प्रचण्डसँग आफ्नो सम्बन्ध तोडेको छ**

माओवादी केन्द्रका उपमहासचिव समेत रहेका गिरीराजमणी पोखरेले महोत्तरी-१ बाट एमालेका उम्मेदवार लक्ष्मी महतोसँग पराजित हुनुभएको छ । एमालेका उम्मेदवार महतो २३ हजार ४०२ मत ल्याउँदा नेता पोखरेलले २२ हजार ३७२ मत ल्याएर पराजित हुनुभयो । सिरहाको ३ नम्बर क्षेत्रमा माओवादी केन्द्रका विश्वनाथ साहले एमालेका उम्मेदवार लिलानाथ श्रेष्ठबाट पराजित भएका छन् ।

त्यस्तै, धनुषा १ मा माओवादी केन्द्रका उम्मेदवार मातृका यादवले जसपाका दीपक कार्कीबाट पराजित हुनुभएको छ । सर्लाही ३ मा नरेन्द्र साह कलवार एमालेका हरिप्रसाद उप्रेतीसँग पराजित हुनुभएको छ । रौतहट ३ मा माओवादी केन्द्रले रविन्द्र पटेललाई उम्मेदवार बनाएको थियो । तर प्रभु साह एमालेबाट विद्रोह गरी स्वतन्त्र उम्मेदवार बनेपछि माओवादी केन्द्रले उहाँलाई सघाएको छ । प्रभु साह पनि चुनाव जितिसक्नु भएको छ तर साहलाई माओवादी मान्न सकिदैन । आफ्नो उम्मेदवारलाई बसाएर माओवादीले सहयोग गरेपनि साहलाई आधिकारीक मान्न सकिदैन ।

बारा २ मा माओवादी केन्द्रका उम्मेदवार शिवकुमार कुशवाहा पनि जसपाका रामसहाय यादवसँग पराजित हुनुभएको छ । नेकपा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर लड्नुभएका नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवमात्र सर्लाहीबाट विजयी हुनुभएको तर उहाँलाई पनि माओवादीको सांसद मान्न सकिदैन । उहाँ नेपाल समाजवादी पार्टीका अध्यक्ष हुनुहुन्छ । प्रदेश सभातर्फ सप्तरी १ (ख) मा माओवादीका उम्मेदवार बेचन प्रसाद चौधरीले एमालेका राजकुमार लेखीबाट पराजित हुनुभएको छ । । सप्तरी २ (ख) मा माओवादी केन्द्रका उम्मेदवार उमेश यादव जनमत पार्टीका उम्मेदवार महेश यादवसँग पराजित हुनुभएको छ । सिरहा २ (क) मा माओवादी केन्द्रका उम्मेदवार जिवछ यादव तेस्रो स्थानमा पुगेर जनमतका संजय यादवबाट पराजित हुनुभएको छ । सिरहा ४ (क) का माओवादी केन्द्रका उम्मेदवार महेन्द्र पासवान जनमत पार्टीका उम्मेदवार त्रिभुवन साहसँग पराजित हुनुभएको छ ।

धनुषा २ (ख) मा माओवादी केन्द्रका उम्मेदवार श्यामकुमार यादव जसपाका रामअशिश यादवबाट पराजित हुनुभएको छ भने पर्सा ३ (क) मा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर उम्मेदवार बन्नुभएका छोटेलाल यादव पनि पराजित हुनुभएको छ ।

पर्सा ४ (ख) मा माओवादी केन्द्रका उम्मेदवार चान्दतारा कुमारी पनि जसपाका उम्मेदवार सिंगास साह कलवारबाट तेस्रो स्थानमा गएर पराजित हुनुभएको छ भने बारा ३ (क) मा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर उम्मेदवार भएका मुकेश साह एमालेका रवीन्द्र दास श्रेष्ठबाट पराजित हुनुभएको छ । रौतहट २ (ख) मा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर उम्मेदवार बन्नुभएका सुरेन्द्र प्रसाद जयसवाल चौथो स्थानमा गएर कनिश पटेलबाट पराजित हुनुभएको छ । सर्लाही १ (क) मा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर प्रदेश सभा सदस्यका लागि उम्मेदवार बन्नुभएका रामचन्द्र सिंह कुशवाहा लोसपाका उम्मेदवार उपेन्द्र महतोसँग पराजित हुनुभएको छ । त्यस्तै, सर्लाही २ (क) मा माओवादी केन्द्रको चुनाव चिन्ह लिएर उम्मेदवार भएका सुनिलकुमार शाह सत्ता गठबन्धनका साझा उम्मेदवार काँग्रेसका नेता जंगीलाल राय यादवबाट पराजित हुनुभएको छ । महोत्तरी ४ (ख) मा माओवादी केन्द्रका उम्मेदवार लालेन्द्र कुमार मण्डल जसपाका उम्मेदवार सरोजकुमार सिंहबाट पराजित हुनुभएको छ ।

माओवादी केन्द्रले प्रदेश सभातर्फ चारवटा सीट जितेको छ । पर्सा १ (क) मा माओवादी केन्द्रका रोहवर अन्सारी, सर्लाही ४ (ख) मा फकिरा महतो, महोत्तरी १ (ख) बाट भरतप्रसाद साह र रौतहट ४ (क) मा युवराज भट्टराई प्रदेशसभा सदस्यमा विजय हुनुभएको छ ।

# शंकाको घेराभित्र सिके राउत

साथ छाडेकाहरु पनि यी कुराहरु बेलाबेलामा बाहिर ल्याई रहनु भएको छ । संघीयता, गणतन्त्र, समानुपातिक समावेशी, नागरिकता, भाषा, राज्यपुन संरचनालगायत विभिन्न माग राखी मधेशवादी दलले गरेको आन्दोलनमा राज्यले जति दमन गर्‍यो । त्यो आन्दोलनलाई समाप्त पार्न राज्यले जति शक्ति प्रयोग गर्‍यो, त्यसको तुलनामा सिके राउतको आन्दोलनमा पाँच प्रतिशत पनि हस्तेक्षेप भएको छैन । बरु बेला बेलामा राज्यले उहाँलाई जोगाउने काम अवश्य गरेको छ । पछिल्लो समय तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीसँग भएको ११ बुँदे सम्झौता अध्ययन गर्दा सबै कुरा स्पष्ट हुन्छ ।

दस्तावेजहरुको मामिलामा सिके राउत निकै नै धनी हुनुहुन्छ । उहाँ जतिको व्यवस्थित संगठन र दस्तावेज कुनै पनि दलसँग छैन । उहाँको एकएक दस्तावेज अध्ययन गर्दा सबै कुरा स्पष्ट हुन्छ कि सिके राउत को हुनुहुन्छ, उहाँको मिसन के हो । अरु धेरै टाढा जानै पर्दैन । उहाँको विचार स्पष्ट छैन । देश टुक्र्याउनुबाहेक आन्दोलनका अन्य विषयवस्तु स्पष्ट छैन । संघीयता, लोकतन्त्र, नागरिकता, भाषालगायतको विषयमा कही स्पष्टता छैन । यस्तो अवस्था मान्छेको कतिबेला हुन्छ, जतिबेला उ अरुबाट परिचालित हुन्छन्, अरुको इसारामा चलेका हुन्छन् । अरुबाट निर्देशितको विचार र धारणा कहिले स्पष्ट हुँदैन किनभने उ एउटा मिसनमा काम गरिरहेका हुन्छन् । सिके राउत नेपालमा एउटा मिसनमा काम गरिरहनु भएको छ । उहाँ त्यो मिसनमा 'स्टेप बाइ स्टेप' अघि बढी रहनु भएको छ त्यसमा कुनै दुईमत छैन । सिके राउत लामो यात्राका लागि निस्किनु भएको छ । मूलधारको राजनीतिमा आउनु, सिंहदरबारसम्म पुग्नु यी सब उहाँको योजनाअनुसार नै भइरहेको छ । उहाँ अरुबाट निर्देशित भएको कुरा सप्तरी २ बाट निर्वाचित भएको कुराले पनि सबै कुरा स्पष्ट हुन्छ । त्यहाँ विदेशी एजेन्टहरुको जुन क्रियाकलाप भयो, त्यसबाट कोही अनभिज्ञ छैन, कम से कम म त छैन । यदि सिके राउत आफ्नो आन्दोलन र संघर्षको बलमा चुनाव जित्नु भएको छ । प्रतिनिधि सभामा उहाँ एक्लै मात्र किन जित्नुभयो । उहाँ आफूबाहेक अरुलाई किन जिताउन सक्नु भएन त ? प्रश्न उहाँमाथि तेर्सिएको छ । मधेश प्रदेशको प्रदेश सभामा उहाँको पार्टीले ६ वटा सीट जित्यो । किन र कसरी जित्नुभयो त्यो अरु कुनै चर्चा गरौला ।

अहिलेलाई राजनीतिक विश्लेषक सिके लालको एउटा भनाईलाई साप्टी लिन्छु, सिके राउतको बारेमा उहाँले भन्नुभएको छ, 'सीके राउतको उदय भयो भन्ने कुरा आइरहेको छ, त्यसमा उदय त के भन्ने ? एउटा व्यक्ति जो उहाँले पनि एउटा आन्दोलन गर्नुभएको थियो, त्यसको ब्याज पाउनुभएको छ । सीके राउतको उदयको रूपमा चित्रित गर्नु मेरो विचारमा अलि हतारो नै हुन्छ । तातेको ताबामा पानी राख्दा च्वाइँ गरेर जसरी आवाज आउँछ, त्यसैगरी च्वाइँ मात्र गरेको हो । यसमा केही भइरहेको छैन । ताबामा केही पाकिरहेको छैन । सीके राउतको कुनै कार्यक्रम मैले जानेको छैन । पछिल्लो १५ वर्षदेखि खोजी भइरहेको विकल्प सीके राउत त हुँदै होइन । म त कम से कम देखिरहेको छैन । सबैको आ-आफ्नै दृष्टि हुन्छ । मेरो विचारमा उहाँ मधेशमा नयाँ विकल्प बन्नुभएको छैन, किनभने उहाँमा स्पष्टता नै छैन । सीके राउतले पनि राजनीतिको अर्थ सत्तामा पुग्नु मात्र हुन्छ भन्ने त्यही चस्माले हेरिरहनुभएको छ । त्यसले उहाँलाई त व्यक्तिगत रूपमा पक्कै पनि फाइदा नै होला ।'

***(लेखक सुरेशकुमार यादव गोरखापत्रका पत्रकार हुनुहुन्छ, यो उहाँको नीजि विचार हो)***

# खाजाको खोजी, पालिकाको मनमौजी

सिरहामा एक विद्यालयका विद्यार्थीले दीवाखाजाको खोजी गरेका छन । मेरो खाजा खोइ ? प्लेकार्ड र रितो थाली ठटाउँदै श्री जनता बनवाली नमूना माध्यमिक विद्यालय (प्राविधिक) नरहाका विद्यार्थि केही दिनदेखि आन्दोलनरत छन् । सो आन्दोलनको नेतृत्व युथ सञ्जाल नरहाले गरेको छ । विद्यार्थीको त्यो आन्दोलनमा विद्यालयका केही शिक्षक पक्षमा त केही विपक्षमा देखिएका छन् । प्रध्यानाध्यपक को हुने ? विषयलाई लिएर शुरुवात भएको विवादको समाधान अदालतबाट भइसकेपछि पनि ती विवादको असर बालबालिकाको दीवाखाजामा परेको बुझिएको छ ।

विद्यालयका हेडमास्टर रामइश्वर यादवले कानुनमा नभएको काम गर्न न मानेपछि नरहा गाउँपालिकाका अध्यक्ष रामप्रमोद यादवले विद्यालयको खाता रोक्का र साउनदेखि हालसम्मको अनुदान, तलब भत्ता, छात्रवृत्ति निकासा नगरेको गुनासो गरेका छन् । विद्यालयमा अध्ययनरत करिब पाँच सय विद्यार्थीलाई दीवाखाजा खाने अधिकारबाट बञ्चित गरिएको छ ।

विद्यालयका शिक्षक अनिल यादव र रामइश्वर यादवले आफूलाई हेडमास्टरको दावी गरेपछि उत्पन्न विवादपछि पुनरावेदन अदालत राजविराजमा दायर मुद्दाको टुंगो २०७९ असार ३ मा लागेको थियो । अदालतले शिक्षक रामइश्वर यादव हेडमास्टर हुने ठहर गरेको थियो । अदालतबाट समस्या समाधान भएपनि दुबै शिक्षक बिच रहेको वैमनस्यताका कारण समस्या पुनः बल्झिएको र पालिकाको अध्यक्षले वैमनस्यतालाई हटाउनुको साटो विद्यालयमा अनावश्यक हस्तक्षेप गरेको आरोप हेडमास्टरले यादवले लगाउनु भएको छ ।



पालिकाका अध्यक्ष रामप्रमोद यादवले विद्यालयको खाता रोक्का राख्न एनआइसी एशिया बैंक नरहा र विद्यालयमा जाने शिक्षक, कर्मचारीको तलब भत्ता लगायतको निकासा रोक्का राख्न प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखलाई लिखित आदेश दिनुभएको छ ।

# अधिकाँश सिनेकर्मीको जमानत जफत



यही मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा फिल्मकर्मी रिल लाइफबाट रियल लाइफमा होमिनु भएको थियो तर रियल लाइफमा रिल लाइफको जस्तो परिणाम ल्याउन सकेनन् । हार्नेको जमानत जफत भएको छ । प्रत्यक्षमा सफलता हात पार्न सकेनन् । समानुपातिकबाट आउने आश गर्न सकिन्छ तर समानुपातिकमा प्राप्त गरेको मत हेर्दा त्यसमा पनि पर्ने सम्भावना कमै देखिएको छ । राष्ट्रिय सभा सदस्य रहिसकेकी गायिका कोमल वलीले नेकपा (एमाले)बाट दाङ ३ बाट प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवारी दिएकी थिइन् । उनलाई कांग्रेसका दीपक गिरीले पराजित गरे । राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट मोरङ ३ मा उम्मेदवारी दिएकी अभिनेत्री रेखा थापालाई पनि कांग्रेसका सुनिलकुमार शर्माले पराजित गरे । काभ्रे-२ बाट स्वतन्त्र उम्मेदवारी दिएका फिल्म निर्देशक तथा समीक्षक मनोज पण्डितले १७३ मत ल्याएर पराजित भएका छन् । जमानत पनि जोगाउन सकेनन् । काठमाडौं ६ बाट स्वतन्त्र उम्मेदवारी दिएका गायक सञ्जय श्रेष्ठलाई राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शिशिर खनालले पराजित गरेका छन् । काठमाडौं १ को प्रदेश (२) मा लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट उम्मेदवारी दिएका फिल्म अभिनेता करण श्रेष्ठ पनि बुरीतरह पराजित हुनु भएको छ । उनलाई कांग्रेसका उम्मेदवार सुरजचन्द्र लामिछाने हराएका छन् । अभिनेता मुरलीधर मिझार सिरहा २ मा राप्रपाबाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका थिए, उनलाई जसपाका राजकिशोर यादवले पराजित गरको छन् ।

यस्तै कमेडियन हिमेश पन्त, टेलिभिजन शंखृला 'सक्किगो नि'मा 'सिते बा' को भूमिकाबाट परिचित मधुसुधन पाठक, कलाकार सम्राट सापकोटा, कलाकार राज तिमल्सेनाले पनि नराम्रो गरि हारेका छन् । यता, कांग्रेसबाट प्रदेश सभा सदस्यतर्फ धादिङ १ (१) बाट उम्मेदवारी दिएका निर्माता तथा अभिनेता मधुकुमार श्रेष्ठ र प्यूठान-१ को (२) बाट प्रदेश सभा सदस्यतर्फ उम्मेदवारी दिएका फिल्म निर्माता तथा अभिनेता रोज राणा (सरोज थापा) निर्वाचित भएका छन् । मोरङबाट फिल्म निर्माता, निर्देशक, प्रदर्शक तथा वितरक उद्धव पौडेल राप्रपाबाटै प्रतिनिधि सभातर्फको समानुपातिक उम्मेदवार छन् । यही पार्टीबाट फिल्म निर्माता तथा प्रदर्शक प्रदीपकुमार उदय लुम्बिनी प्रदेश सभाको समानुपातिक उम्मेदवार हुन् । राप्रपाको लुम्बिनी अध्यक्षसमेत रहेका उदय केही वर्षयता फिल्मभन्दा पनि राजनीतिमा सक्रिय छन् । कालोपोथी निर्देशन गरेर चर्चा कमाएका फिल्म निर्देशक मीनबहादुर भाम नेपाली कांग्रेसको समानुपातिक उम्मेदवार हुन् । फिल्म निर्देशक असिम शाह राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रतिनिधि सभा सदस्यका लागि मुस्लिम खुलातर्फको समानुपातिक उम्मेदवार छन् ।

# 'आहाँ बात करु' सार्वजनिक

युवा निर्देशक रोशन दासको 'अहाँ बात करू' म्यूजिक भिडियो सार्वजनिक भएको छ । दासको निर्देशन, कथा र परिकल्पना मैथिली सिने क्षेत्रमा मैथिलीकर्मीहरूले बडो सकारात्मकताका साथ लिई रहेका छन् ।

केही दशक पहिले मैथिल समाजलाई पृष्ठभूमि बनाएर छोटो कथावस्तुमा तयार पारिएको म्युजिक भिडियोमा एक जोडीको रोमाञ्चक एवं सघर्षील प्रेम कथा प्रस्तुत गरिएको छ । वरिष्ठ सङ्गितकर्मी गुरुदेव कामतको शब्द र सङ्गित रहेको यस गीतमा मधुर स्वरका धनी डा.शैलेशकुमार मिश्रले आफ्नो स्वर दिनुभएको छ । प्रसिद्ध सङ्गितकार शैलेन्द्र विश्वकर्माद्वारा सङ्गित संयोजन गरिएको छ । सपना साह र मुकेश साहको मुख्य भूमिकामा रहेको यो म्यूजिक भिडियो 'रेज ईन्टरनेन्मेन्ट' यूट्युबबाट सार्वजनिक गरिएको छ । म्यूजिक भिडियोलाई एच.पी कँडेलले छाँयाकन गरेका हुनुभएको छ भने कवीर ओडले सम्पादन गर्नुभएको छ । सो गीतलाई मैथिलीको प्रथम म्यूजिक स्ट्रीमिङ्ग एप ' म्यूजिक मैथिली' मा समेत सुन्न सकिन्छ ।

मिथिलाको यो एउटा पुरानो प्रेम कथा मैथिलीको ओईली रहेको पर्दाको लागि सुगन्धित कोसेलीको रूपमा बाहिरिएको छ । स्तरीयता, मौलिकता, मधुरता भर्दै यो भिडियो निश्चय मैथिली फिल्म पथको लागि ' माइलस्टोन' साबित हुने युवा सङ्गीतकर्मी विद्यानन्द वेदर्दीले बताउनुभयो ।









प्रोफाइल



# संजयले यसरी पुरा गर्नुभयो प्रदेश सभासम्मको सफर

सिरहा, औरही गाउँपालिका वडा नम्बर ४ इटाटारका ३२ वर्षीय संजयकुमार यादव चार कक्षामा पढि रहँदा उहाँका बुवा रामेश्वर यादव वैदेशिक रोजगारका लागि खाडी मुलुक जानु भएको थियो । घरको जेठो छोराको नाताले घरको सम्पूर्ण जिम्मेवारी संजयको काँधमा आइलाग्यो । उहाँ सानैदेखि घरको खेती किसानीदेखि लिएर अन्य घरायसी काम गर्नुहुन्थ्यो । संजय यादव सक्रिय राजनीतिमा लागेपछि उहाँलाई घरगृहस्थी, खेती किसानीको सबै कुरा थाह छ ।

आमा विमलादेवी यादवले घरमा अभिभावको भुमिकामा हुनुहुन्थ्यो भने संजय यादव घरको काममा सहयोग गर्ने सहयोगी हुनुहुन्थ्यो । अर्थात आमाले घरपरिवार सम्हाले पनि घरको मुख्य सहयोगी संजय यादव नै हुनुहुन्थ्यो । त्यो अवस्थामा पनि संजय यादवले आफ्नो पढाई लेखाईका साथै आफ्नो राजनीति क्यारियरलाई समेत निरन्तरता दिनुभयो । बुवा बाहिर भएको कारण घरको काम धन्दाका साथै अध्ययन र राजनीतिलाई एक साथ अगाडि बढाउनु भएको थियो । उहाँ आफै मात्र होइन, तीनजना भाइलाई पनि उच्च शिक्षासम्म दिलाउनुभयो । संजय यादव २०७९ को स्थानीय चुनावमा औरही गाउँपालिकाको अध्यक्ष पदमा उम्मेदवारी दिएपछि उहाँका बुवा विदेशबाट फर्किनु भएको थियो । त्यसपछि उहाँको बुवा फर्केर जानु भएको छैन । संजय यादव भन्नुहुन्छ, 'करिब १७-१८ वर्षसम्म मेरो वुवा वैदेशिक रोजगारीमा विदेशमा रहनु भयो, आमा र म घर सम्हाल्यौं । भाइहरु सानै थिए उनीहरु पढाई लेखाईमा थिए ।'

बुवालाई विदेश जाने रहर थिएन । घरको आर्थिक अवस्था त्यति राम्रो थिएन । पौने दुई विघा जमिन थियो । त्यसले दुई छाक खान मात्र पुग्थ्यो । घर व्यवहार चलाउन, छोराछोरीलाई पढाउन गाह्रो भइरहेको थियो । छोराहरुलाई पढाउनकै लागि संजय यादवका बुवा विदेश जानु भएको थियो । र, त्यही कारणले चारजना छोराले पढ्न पाए ।

संजय यादव शिक्षा संकायमा गणित विषयमा मास्टर्स गरेर एलएलबीसम्म अध्ययन गर्नुभएको छ । संजय आफू मात्र होइन आफ्ना तीनाजना भाइलाई पनि पढाउनु भएको छ । पप्पु यादव ब्यचलर सकाएर सानोतिनो व्यवसायमा लागेका छन् भने अर्का भाइ पोषण यादव त्रिविमा मास्टर्समा अध्ययनरत छन् भने अर्को भाइ रोशन यादव पनि मास्टर्समा अध्ययन गर्नुको साथै व्यवसायीमा पनि संलग्न छन् ।  बाल्यकालदेखि संघर्ष गर्दै आउनुभएका संजय यादव अहिले प्रदेश सभा सदस्यमा चुनाव जित्नुभएको छ । सिके राउत नेतृत्वको जनमत पार्टीका सचिव समेत रहनुभएका संजय यादव मधेश प्रदेश सिरहा २ (क) बाट प्रदेश सभा सदस्यमा १२ हजार १७१ मत ल्याएर विजय भएका छन् । उहाँले मधेश सरकारका बहालवाला कृषि मन्त्री विजय यादवलाई पराजित गर्नुभएको छ । हुनत संजय यादव यसअघि सम्पन्न स्थानीय चुनावमा औरही गाउँपालिको अध्यक्षमा उम्मेदवारी दिनुभएको थियो । तर उहाँ त्यसमा पराजित हुनुभएको थियो । पराजित भएपनि निराश हुनु भएन अगामी यात्रा सुरु गर्नुभयो । स्थानीय तहको चुनाव सम्पन्न भएपछि उहाँ पार्टीमा सक्रिय भएर संघ र प्रदेशको चुनावको तयारीमा लाग्नु भएको थियो । स्थानीय चुनाव हारेको कारण पुनः चुनाव लड्ने आँटमा उहाँमा थिएन । तर पार्टीका अध्यक्ष सिके राउतले उहाँलाई नै चुनाव लड्न भनिरहनु भएको थियो तर ६ महिनाअघि चुनाव हारेको थिए, अहिले फेरि कुन मुखले चुनाव लड्ने भनि उहाँ त्यसका लागि तयार हुनुभएन ।

पार्टीले सो क्षेत्रका लागि उम्मेदवार खोज्न थाल्यो । माओवादी केन्द्रका जीवछ यादवसँग पनि कुरा गरिएको थियो । सुरुमा उहाँ चुनाव लड्न तयार भएपनि लास्टमा इन्कार गर्नुभएको थियो । एमालेका नविन यादवसँग पनि जनमतका नेताहरुले कुराकानी गर्नुभएका थिए तर नविन पनि तयार हुनुभएको थिएन । त्यसपछि माओवादी केन्द्रका नेता सुरेशचन्द्र दास यादवका छोरा (गोलु) लाई उम्मेदवार बनाउने पनि छलफल भएको थियो । सबैबाट सकारात्मक कुरा आएपनि सत्ता गठबन्धनको विरुद्धमा चुनाव लड्ने कोही आँट गरेनन् । त्यसपछि क्षेत्र किन खाली गर्ने भनि बाध्य भएर संजय यादव आफै उम्मेदवारी दिनुभएको थियो । उहाँले भन्नुभयो, 'मेरो उम्मेदवारी सत्ता गठबन्धन र जसपा-एमाले गठबन्धनको विकृतिविरुद्ध थियो । गठबन्धनले जसरी राजनीतिलाई विकृत बनाउँदै गइरहेको थियो त्यसको विरुद्धमा मेरो उम्मेदवारी थियो ।' चुनाव जित्ने र हार्नेभन्दा पनि बनेका विभिन्न गठबन्धनलाई चुनौती दिने गरि आफू चुनावमा होमिएको र जनताले आफूलाई पत्याएर चुनाव जिताएको संजय यादव बताउँनुहुन्छ ।

**सिके राउतसँग भेट**

संजय यादव २०७१ तिर त्रिविमा मास्टर्स अध्ययन गरिरहेको बेला सिके राउत गिरफ्तार हुनुभएको थियो । त्यो कुराको जानकारी त्रिविका प्रध्यापक बौवालाल साहबाट उहाँले थाह पाउनु भएको थियो । त्यसपछि उहाँको मनमा एकपटक सिके राउतलाई भेटौ भनि आयो । उहाँले यसअघि सिके राउतको नाम पटक पटक सुन्नुभएको थियो । सिके राउतको विचारबाट उहाँ प्रभावित हुनुहुन्थ्यो । त्यही सिके राउत पक्राउ परेपछि संजय यादवको मनमा अनेक कुराहरु खेल्न थाल्यो । जेलमै गएर भेट्ने प्रयास पनि संजय यादवले गर्नुभएका थियो तर त्यो सम्भव भएन ।

सिके राउत रिहाय भएपछि २०७२ तिर बबरमहलस्थित मधेशी निजामती कर्मचारीको सभाहलमा उहाँको सम्मानमा कार्यक्रम राखिएको थियो । संजय यादव आफ्नो साथीको साथमा सो कार्यक्रममा सहभागी हुनका लागि जानु भएको थियो । त्यहाँ सिके राउतको मन्तव्य सुन्नुभयो । त्यो सुनेर संजय यादवको मनमा अनेक जिज्ञासाहरु आए । उहाँले सिके राउतलाई केही प्रश्न गरेर आफ्नो जिज्ञासा मेटाउने प्रयास पनि गर्नुभयो । ' पहिचान र अस्तित्व के हो' भनि संजय यादवले सिके राउतलाई सोधेको त्यो पहिलो प्रश्न थियो । यो प्रश्न अहिलेसम्म संजय यादवलाई सम्झाना छ । संसारमा जति पनि व्यक्ति तथा वस्तु छन् सबैको आफ्नो पहिचान र अस्तित्व रहेका छन् । तर त्यसमध्ये कतिपयको पहिचान र अस्तित्व संकटमा परेका हुन्छन् । भारतको दिल्ली जाँदा मधेशीलाई विहारी भन्छ, काठमाडौं आउँदा मधेशी भन्छन्, अमेरिका जाँदा इण्डियन भन्छन् । अर्थात मधेशीलाई पहिचान दिन कसैले चाहेनन् । मधेशीको आफ्नै पहिचान र अस्तित्व छ । त्यहीं पहिचानका लागि लडाई भइरहेको सिके राउतले भनेपछि संजय यादव झन उत्साहित हुनुभयो र उहाँको फ्यान हुनुभएको थियो ।

त्यसको तीन चारदिन पछि मंसिर १० गते रंगभेद विरुद्धको आन्दोलन मैतीघरमा भइरहेको थियो । त्यसमा सहभागी हुनका लागि संजय यादव आफ्ना साथीहरुको साथमा किर्तिपुरबाट उहाँ माइतीघरसम्म आउनु भएको थियो । मधेशको मुद्दा र त्यसको अधिकार र पहिचानप्रति संजय यादवको लगाव देखेर सिके राउत निकै प्रभावित हुनु भएको थियो । संजय यादवले मंसिर २४ गते माघे संक्रान्तिको उपलक्ष्यमा किर्तिपुरमा कार्यक्रमको आयोजना गर्नुभएको थियो । त्यसमा सिके राउतलाई प्रमुख वक्ताको रुपमा निमन्त्रणा गर्नुभएको थियो । सिके राउत पनि उपस्थित भएर मधेश र मधेशीको विषयमा महत्वपूर्ण कुराहरु भन्नुभएको थियो । संजय यादव भन्नुहुन्छ, ' मधेशका इतिहास, मधेशीमाथि भइरहेको अन्याय, विभेदका कुराहरु सिके राउतबाट राम्रोसँग थाह पाए त्यसपछि त म उहाँको झन अनुनायी नै भए । म पनि बुझेका, सिकेका कुराहरु ठाउँ ठाउँमा भन्न थाले । मधेशीमाथि भएको विभेदको बारेमा बोल्न थाले ।' विस्तारै विस्तारै पढाईबाट मन हट्न थाल्यो र सिके राउतको पछिपछि हिड्न थालेको बताउँदै उहाँले भन्नुभयो, 'सिके राउतसँग निरन्तर सम्पर्कमा बस्न थाले, डाक्टर साहब (सिके राउत) ले पनि मलाई बेलाबेलामा सम्पर्क गर्नुहुन्थ्यो ।'

**पहिलो गिरफ्तारी**

२०७३ मा रंगभेद विरुद्धमा सिरहामा आन्दोलन गर्नुभएको थियो संजय यादवले । त्यही कारणले सिरहा क्याम्पसबाट प्रहरीले उहाँलाई पक्राउ गरेको थियो । तर उहाँलाई त्यही दिन छाडिएको थियो । त्यसपछि झन सिके राउतको अभियानमा उहाँ हिड्न थाल्नुभयो । पढाई लेखाईभन्दा बढी ध्यान स्वतन्त्र मधेश गठबन्धनका लागि दिन थाल्नुभएको थियो । तर समय समयमा उहाँले परीक्षा दिइ रहनुहुन्थ्यो । तर अधिकाँश समय सिके राउतको अभियानमा नै बित्न थाल्यो उहाँको । २०७४ मा सिरहाको ररियाहामा स्वतन्त्र मधेशका लागि नमुना जनमत संग्रह गराउनु भएको थियो । २४८ जनाले मतदान गरेका थिए । त्यसमध्ये ७८ प्रतिशतले स्वतन्त्र मधेश पक्षमा मतदान गरेको संजय यादवको दावी छ । त्यो कार्यक्रमपछि प्रहरीले संजय यादवलगायतका उहाँका साथीहरुलाई खोज्न थालेको थियो । उहाँ अर्धभूमीगत अवस्थामा बस्न थाल्नुभयो । तर उहाँका तीनजना साथी लहानमा पक्राउ परेका थिए । संजय यादवमाथि राज्यद्रोहको मुद्दा लगाइएको थियो । तीन वर्षपछि विशेष अदालतबाट उहाँले सफाई पाउनु भएको थियो । २०७४ माघ ५ गते बलिदानी दिवसको अवसरमा सिरहाको लहानमा भव्य कार्यक्रमको आयोजना गरिएको थियो । त्यसको आयोजकमध्येको मुख्य संजय यादव नै हुनुहुन्थ्यो । त्यो कार्यक्रमपछि जनकपुरबाट सिके राउत पक्राउ पर्नुभएको थियो । सिके राउतको रिहाका लागि संजय यादवलगायतका विद्यार्थी तथा युवाहरुले रिहामा जुलुस निकालेका थिए । त्यसको अरोपमा उहाँलाई पक्राउ गरेको थियो । संजय यादवको साथमा उहाँका भाइ रोशन यादवलाई पनि प्रहरीले पक्राउ गरेको थियो । रोशन पनि स्वतन्त्र मधेश अभियानमा लागेको आरोप लगाइएको थियो । ७० दिनसम्म थुनामा राख्यो । पछि पाँच हजार धरौटी राखेर जिल्ला अदालतको आदेशपछि उहाँहरु रिहा हुनुभएको थियो ।

रिहा भएपछि उहाँ संगठनमा निरन्तर लाग्नुभयो । संगठनले दिएको जिम्मेवारी पुरा गर्नुको साथै स्वतन्त्र मधेश अभियानलाई उहाँले तीब्र रुपमा अगाडि बढाउनु भएको थियो उहाँले । २०७४ को आमचुनावलाई जनमत पार्टीले सिके राउतको स्वतन्त्र मधेश गठबन्धनले बहिष्कार गरेको थियो । कोठलीबाहरको अभियान चलाएको थियो । चुनाव प्रचार जस्तै सिके राउतले पर्चा पम्पलेट बनाएर मतदातामाझ वितरण गर्न लगाउनु भएको थियो । त्यो अभियानमा संजय यादव पनि निकै मेहनताका साथ खटिनुभएको थियो । संजय यादवका अनुसार मधेशमा मात्र ३८ हजार मत कोठली बाहर परेको थियो । देशभर ७८ हजार मत कोठली बाहर परेको जानकारी आफूहरुले पाएको उहाँ बताउनुहुन्छ । त्यो अभियानले स्वतन्त्र मधेश गठबन्धनलाई झन बलियो बनायो र त्यस अभियानप्रति विश्वास पनि जगाएको संजय यादवको दावी छ । २०७५ असोज ३ गते संविधानको विरुद्धमा कालो दिवस मनाएको आरोपमा डाक्टर साहब (सिके राउत) लाई रौतहट जिल्ला अदालतबाट प्रहरीले पक्राउ गरेको थियो । संजय यादवमाथि पनि प्रहरीको वारेन्ट थियो । त्यतिबेला पनि संजय यादव अर्धभूमिगत जस्तै भएर कार्यक्रमहरु गर्नुहुन्थ्यो । त्यतिबेला संजय यादव काठमाडौंमा लुकीछिपी बसिरहनुभएको थियो । रौतहटबाट समातेर सिके राउतलाई पनि काठमाडौंमै राखेको कारण संजय यादवको लागि ठिक भएको थियो । उहाँ सिके राउतको सम्पर्कमा जानुभयो । बेलाबेलामा थुनामा गएर पनि सिके राउतलाई भेट्नुहुन्थ्यो । र, सोही अनुसार मिसन अगाडि बढी रहेको थियो । सिके राउत जेलबाट नै आफ्नो संगठन सञ्चालन गरिरहनु भएको थियो । त्यसमा संजय यादव पनि सहयोगीको भूमिकामा हुनुहुन्थ्यो ।

**जनमत पार्टी निर्माण**

सिके राउत थुनामै रहँदा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको तत्कालिन सरकारसँग वार्ता सुरु भएको थियो । वार्ता संवाद समितिमा संजय यादव पनि हुनुहुन्थ्यो । सरकारसँग के विषयमा कसरी संवाद गर्ने, के के कुरा राख्ने जस्ता विषयमा छलफल गर्न बनेको समितिमा संजय यादव पनि हुनुहुन्थ्यो । अन्ततः सरकारसँग ११ बुँदे सम्झौता भयो । सम्झौतापछि सिरहाको लहानमा स्वतन्त्र मधेश गठबन्धनको राष्ट्रिय सभाको बैठक बस्यो । त्यही बैठकबाट जनमत पार्टी गठन गर्ने निर्णय भएको थियो । त्यहाँ केन्द्रीय समिति बन्यो तर तर त्यो केन्द्रीय समितिमा संजय यादव बस्नु भएन । उहाँलाई समितिमा बस्न सिके राउत स्वयंले भनिरहनु भएको थियो तर संजयले मान्नु भएका थिएनन् । जनमत पार्टी गठन गरेर मुलधारको राजनीति सुरु भएपछि संजय यादवले आफ्नो बाटो चेन्ज गर्ने सोच बनाउनुभएको थियो । उहाँले भन्नुभयो, 'स्वतन्त्र मधेशका लागि भएको आन्दोलन एक हदसम्म सफल भएको थियो, एउटा माहोला तयार भएको थियो । डाक्टर साहबले अर्को ढंगबाट आन्दोलनलाई अगाडि बढाउने भन्नुभएका थियो । त्यसपछि मैले पार्टीमा रहेपनि सक्रिय राजनीति नगर्ने पढाई लेखाईको साथै कुनै एउटा राम्रो जागिर खोज्ने थियो ।'

त्यही भएर केन्द्रीय समितिमा उहाँ बस्नु भएन । पछि सिके राउतले संजय यादवलाई राष्ट्रिय प्रशिक्षणका संयोजक बनाई दिनुभयो । बाध्य भएर संजय यादव त्यसमा काम गर्न थाल्नुभयो । ठाउँठाउँमा प्रशिक्षणा दिँदै हिड्न थाल्नुभयो । त्यसपछि सिके राउतले उहाँलाई जनमत पार्टीको युवा जनमत संघको अध्यक्ष पनि बनाउनु भयो ।

फ्रन्टलाईनको राजनीतिमा नभएपनि संजय यादव जनमतमा निकै सक्रिय भइसक्नुभएको थियो । विस्तारै विस्तारै उहाँ पार्टीको एक हिस्सा बन्नुभयो । मुलधारको राजनीतिमा उहाँको सक्रियता झनै बढ्यो । उहाँको पार्टीको तर्फबाट भारतमा गएर पनि तालिम लिनुभयो । त्यहाँबाट फर्केपछि उहाँले पार्टीका विभिन्न ठाउँमा प्रशिक्षण दिने काम गर्नुभयो । अब सक्रिय राजनीति नै गर्नुपर्छ भनि संजय यादव फुलटाइम राजनीतिमा सक्रिय हुनुभयो । २०७७ मा जनकपुरमा महाधिवेशन भयो । सबभन्दा बढी मत ल्याएर केन्द्रीय सदस्यमा जित्नुभयो । पछि स्थायी समितिको बैठकले संजय यादवलाई केन्द्रीय समितिको सचिवमा मनोनय गर्‍यो । सचिवको जिम्मेवारी पाएपछि उहाँ पार्टीमा झन खट्न थाल्नुभयो । संगठन निर्माण, प्रशिक्षण, विचार गोष्ठी, आन्दोलनलगायतका लागि उहाँले दिनरात मेहनत गर्न थाल्नुभयो । पार्टीले दिएको हरेक जिम्मेवारी पूरा गर्दै हिड्न थाल्नुभयो । यता, घरमा बुवा नहुँदा घरपरिवार पनि हेर्नुपर्थ्यो ।

**आमालाई कन्भिन्स**

तर संजय यादव राजनीतिक गतिविधि उहाँका आमा-बुवालाई मन परेको थिएन । उहाँका

बाँकी पृष्ठ १२ मा

## कृषक पाना

# सरकारले तोकेको मूल्य धान बेच्न पाउँदैन किसान



यस वर्ष पनि सरकारले धान मोटाको मूल्य प्रतिक्विन्टल २ हजार ९६७ रुपियाँ तोकेको हो । त्यस्तै मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार १२८ रुपियाँ तोकेको छ । तर, सो मूल्यमा किसानले धान बेच्न पाउने अवस्था अझै छैन् । सरकारले हरेक वर्ष तोक्ने धानको समर्थन मूल्यले किसानलाई भन्दा व्यापारीलाई फाइदा हुने देखिएको छ । किसानले आफूलाई पुग्नेभन्दा बाँकी धान सरकारले खरिद गरिदिने व्यवस्थाअनुसार न्यूनतम समर्थन मूल्य निर्धारण गरिए पनि त्यो किसानमूखी हुन नसकेको गुनासो भइरहेको छ ।

एक त सरकारले ढिलो गरी धानको समर्थन मूल्य निर्धारण गरेको छ । अर्कोतर्फ, निर्धारण गरेको मूल्य किसानले कहिल्यै पाउँदैनन् । अझ भन्नुपर्दा किसानले धान भित्र्याइसक्दा पनि मूल्य तोक्न सरकारले आलटाल गर्दा देशभरका किसानले सस्तोमा व्यापारीलाई धान बेच्न बाध्य छन् । यस वर्षका लागि गत कात्तिक १६ गतेको मन्त्रिपरिषद्बाट धानको न्युनतम समर्थ मूल्य निर्धारण गर्यो । यद्यपी, कात्तिक २३ गते मूल्य निर्धारण गरिएको सूचना सार्वजनिक गरियो । यता, किसानले भने साउन मसान्तदेखि नै धान भित्र्याउन सुरु गरिसकेको थियो ।

गत आर्थिक वर्ष २०७८/०७९ मा पनि सरकारले निकै ढिलो गरी मूल्य तोक्दा किसानले उचित मूल्य पाएनन् । सस्तो दरमै व्यापारीलाई धान बेच्न बाध्य भए किसान् । गत आर्थिक वर्षमै सरकारले ६० हजार मेट्रिक टन धान खरिद गर्ने लक्ष्य लिएकोमा नौ हजार टन मात्रै खरिद गर्न सक्यो । कारण एउटै थियो, समर्थन मूल्य ढिलो तोक्नु, त्यसबेलासम्म व्यापारीले किसानबाट धान उठाइसक्नु । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारीसमा उद्योग हुँदै मन्त्रिपरिषद्बाट धानको समर्थन मूल्य निर्धारण हुन्छ । धान खरिद गर्ने जिम्मा उद्योग मन्त्रालयअर्न्तगतको खाद्य व्यवस्था तथा व्यापार कम्पनी र नियमअनुसार सूचीकृत सहकारी संस्थालाई छ ।

खाद्य कम्पनीसँग खरिद गरेको धान भण्डारण गर्ने संरचना छैन् । जसका कारण उसले पर्याप्त धान खरिद गर्न सक्ने सामर्थ्य राख्दैन् । सरकारले मूल्य तोकिदेला र बेच्न पाउँला भनेर कुरेका किसान निराश भइ सस्तो दरमा अन्य व्यापारीलाई बेच्न बाँध्य छन् । किनकी, किसानले आफुलाई पुग्ने धान राखेर अरु धान बेच्ने हो । लामो समय धान भण्डारण गर्ने क्षमता र संरचना सबै किसानसँग हुदैन् । यस वर्ष पनि गुल्मी र कैलालीलगायत देशैभरका किसान सरकारले मूल्य तोक्न ढिलो गर्दा सस्तोमा धान बेचेका खबर बाहिरिए । मूल्य तोक्न ढिला हुँदा कैलालीका किसानले स्थानीय गल्ला व्यापारीलाई प्रतिक्विन्टल १८ सय देखि दुई हजार तीनसम्म रुपैयाँसम्म धान बेच्न बाध्य भए । खासगरी, तराई जिल्लाका किसानले निकै सस्तो दररेटमा व्यापारीलाई धान बेच्न बाध्य भए । व्यापारी पनि किसानका घर घरमा धान उठाउन पुग्छन् । र, व्यापारीले भनेकै मूल्यमा किसान धान बेच्नुपर्ने नियति आइलाग्यो । यसअघि आर्थिक वर्ष २०७५/०७६ को बजेटमार्फत सरकारले बाली लगाउनुपूर्व धान, गहुँ र उखुको समर्थन मूल्य तोकिने गरी नीति तथा कार्यक्रम ल्याएको थियो । मूल्य निर्धारणमा ढिलाई हुँदा किसान मारमा परेको भनेर सो व्यवस्था नीतिमा सम्बोधन गरिए पनि व्यवहारतः लागू हुन सकेको छैन् ।

धान खरिद गर्न चाहने सहकारी संस्थालाई सूचीकृत हुन १५ दिनको अवधि दिई धानको खरिद सिजन सुरु हुनुभन्दा अघि नै सूचना प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर, कतिपय सहकारी संस्थाहरु सूचीकृत गर्न धानको समर्थन मूल्य तोकिएपछि मात्र सूचना निकालिन्छ । फलस्वरुप, धान खरिदको अवधि झनै लम्बिने गर्छ । तोकिएको मूल्यमा धान खरिद गर्ने सूचीकृत सहकारी संस्थालाई अनुदान समेत दिने व्यवस्था हुँदा हुँदै पनि सहकारी संस्थाहरुले पर्याप्त धान खरिद गरेका छैनन् । सरकारले धानको समर्थन मूल्य निर्धारण किसानको उत्पादन लागतमा मुनाफा २० प्रतिशत र ढुवानी खर्चमा औसत १० प्रतिशतले हुन आउने रकम थप गरी न्यूनतम समर्थन मूल्य तोक्छ । तर, अहिलेको बजार मूल्यअनुसार समयसापेक्ष हुन सकेको छैन् ।

# तराई मधेशमा आलु खेती

आलु तराई तथा भित्री मधेशको एक प्रमुख नगदे तरकारी बाली हो आज भन्दा ३० वर्ष पहिलेसम्म नगन्ने रुपमा आलु खेती गरिने तराई भू-भाग हाल नेपालको आलु खेती गरिने कुल क्षेत्रफल एकलाख ९० हजार २५० हेक्टरको ३७ प्रतिशत भू-भाग यसैमा पर्दछ । यहाँ दिन प्रति दिन खेतीको विस्तार कार्य भईरहेको छ ।

मध्यमाञ्चलको तराईमा मात्र पनि २२ हजार ६३५ हेक्टरमा खेती भई तीनलाख ५६ हजार ३७ टन उत्पादन भई सरदर प्रति हेक्टर उत्पादन १५.७३ टन पुग्दछ । यो नेपालमा आलु खेती गरिने कुल क्षेत्रफलको १० प्रतिशत भू-भाग पर्दछ । यसरी दिन प्रतिदिन तराई क्षेत्रमा आलु खेतीको विस्तार हुनुमा प्रमुख देन बीउ आलुको नै छ । पहिला पहिला तराईमा गुणस्तरिय बीउ आलु उत्पादन गर्ने प्रविधि थिएन र उच्च पहाड़ी क्षेत्र लेक) बाट हरेक वर्ष बीउ आलु ल्याई खेती गरिने चलन थियो ।

जसले गर्दा समयमा बीउ आलु प्राप्त नहुने, बीउ आलु प्राप्त भएता पनि उपयुक्त उमेरको बीउ नहुने अर्थात शुषुप्तावस्था पुरा नभइसकेको र उपयुक्त जात नहुने कारणले आलु खेती फस्टाउन सकेको थिएन तर हाल बीउ आलु उत्पादन प्रविधिबाट तराईमा कृषककै जग्गामा कृषक आफैले



केही उन्नत तरिका अपनाएर स्वस्थ बीउ आलु उत्पादन गर्ने कार्य संभव भएको छ ।

तराईमा प्रायस, आलु खेती गर्ने कृषकहरु आफूसँग भएका आलुहरु मध्य ठूलाठूला साईजका खायनमा बिक्री गरी तथा खानमा प्रयोग गरी समाना आलुका दाना मीडका रूपमा राख्ने गर्छन् । भाइरस रोग लागेका आलुका बोटमा फल्ने आलुका दाना प्रायसः साना हुने र सो रोग बीउबाट सर्ने हुनाले साना बीउ आलुमा भाइरसको प्रबल संभावना पनि हुन्छ । खायन आलु र बीउ आलुको प्लट छुट्टाछुट्टै नहुनु तथा कृषि कर्महरुमा पनि कुनै फरक नगर्नाले कडा परिश्रमको बावजुद पनि स्वस्थ बीउ आलु उत्पादन गरी बीउ आलु लगाउन नपाइनाले आशा गरे अनुसार उत्पादन लिन सकेका छैनन् ।

आलु खेतीमा उत्पादनमा असर पार्ने तत्वहरु मध्य २० प्रतिशत भूमिका गुणस्तरिय बीउको रहेको हुन्छ । हाल तराईका पूर्व देखि सुदूर पश्चिमसम्मै सित भण्डारण सुविधा भइसकेकोले आलु खेती गर्न लाग्ने लागतमा ४०-५० प्रतिशत हिस्सा ओगटेको बीउ आलु कृषकले आफै उत्पादन गर्न सकेमा बीउ आलुबाट सर्ने रोगहरु जस्तै कालो खोष्ट, दाद, भाइरस, ऐजेंस खैरो पिप चक्के तथा आलुको पुतली आदिवाट वचाउने मात्र नभइ आलु उत्पादन गर्ने लागतमा समेत कमी ल्याई नाफामुलक आलु खेती गर्नमा सहयोग पुग्दछ । त्यसैले तराईमा Seed Plot Technique अथवा बीउ आल उत्पादन प्रविधि बाल खेतीको लागि बरदान नै हो ।






## समाचार/विविध

### संजयले...

आमा-बुवाको इच्छा थियो, 'छोरा पढे लेखेका छन् कुनै राम्रो जागिर गरेर घर व्यवहार सम्हालोस् ।' यस विषयमा उहाँका आमाले संजयसँग धेरैपटक कुराकानी समेत गर्नुभएका थियो। आमा रिसाउनु पनि हुनुहुन्थ्यो। तर संजयले आफ्नो आमालाई विभिन्न कुराहरु भनेर कन्भिन्स गर्नुहुन्थ्यो । 'यो अन्तिम हो, अब राजनीति छाडेर जागिरमै जान्छु, फलानो कार्यक्रम पछि म अब त्यहाँ जान्न भनेर आमालाई चित्त बुझाउँथे तर म राजनीतिमै रहने निर्णय गरिसकेका थिए, संजय यादवले भन्नुभयो, 'जागिर गर्ने कुनै सोचाई थिएन, राजनीतिमै केही गर्ने सोच थियो तर आमालाई झुठो आश्वासन दिएर कन्भिन्स गरिहन्थे ।'

**जागिर**

संजय यादव गणित विषयमा मास्टर्स गर्नुभएको छ । उहाँले चाहेको भए कुनै ठाउँमा राम्रो जागिर गर्न सक्नुहुन्थ्यो तर उहाँले राजनीति नै रोज्नुभयो । उहाँले जागिरका लागि प्रयास नगरेको पनि होइन । त्रिविमा अध्ययन गरिरहेको बेला उहाँले सशस्त्र प्रहरीको इन्सपेक्टरमा फर्म भर्नुभएको थियो । उहाँले फिजिकल, स्वास्थ्य जाँच, आइक्यु जाँचलगायत सबै टेस्टहरु पास गर्नुभयो। मौखिकमा उहाँलाई अगाडि बढ्नै दिएन। कारण थियो, 'प्रहरी रिर्पोर्टमा उहाँको अंकल चन्देश्वर यादव सशस्त्र समूह जनतान्त्रिकमा आवद्ध भएको उल्लेख थियो, त्यही कारणले उहाँलाई मौखिकमै फेल गर्दियो ।' उहाँ त मेरो काका हुनुहुन्छ, उहाँ कहाँ हुनुहुन्छ के गर्नुहुन्छ त्योसँग आफ्नो कुनै सरोकार छैन भन्दा पनि प्रहरीले मान्नु भएन र त्यहाँ मौखिकबाट नै आउट गरेको संजय यादवले बताए । प्रहरी रिर्पोर्टले त्यसो न भनेको भए आज संजय यादव सशस्त्र प्रहरीमा जागिरे हुनुहुन्थ्यो । त्यसपछि नेपाल प्रहरीमा पनि विज्ञापन निस्कियो। सशस्त्र प्रहरीमा उहाँमाथि भएको भेदभावका कारण फर्म नै भर्नुभएन। एकपटक सेनामा विज्ञापन हुँदा फर्म भर्न जानु भएको थियो । तर त्यहाँ ढाका टोपी भएको फोटो माग गरेपछि उहाँले विज्ञापनको फर्म त्यही च्यातेर हिड्नुभएको थियो। एक चोटी अधिकृत पदका लागि लोकसेवा आयोगमा पनि फर्म भर्नुभएको थियो तर उहाँले परीक्षा नै दिनुभएन। त्यतिबेला उहाँ स्वतन्त्र मधेश गठबन्धनको अभियानमा सक्रिय भइसक्नु भएको थियो । उहाँको लागि जागिर महत्वको चिज रहेन । लहानमा हुँदा त्यहाँको सलहेस कलेजमा पढाउनु हुन्थ्यो । अढाई महिना जति पढाउनु भएको होला । स्वतन्त्र मधेश गठबन्धनको गतिविधिमा लागेको आरोपमा उहाँलाई प्रहरीले पक्राउ गरेको थियो। तीन महिनासम्म थुनामा बस्नुभयो। त्यसपछि फर्केर त्यो कलेज जानु भएन। कलेजले उहाँलाई बोलाई रहेको थियो तर संजय यादवले नै त्यसका लागि इच्छा देखाउनु भएन।

राजनीतिमा लाग्नुको साथ साथै उहाँले आफ्नै गाउँको गणेशपुर चौकमा गणेश मनी ट्रान्सफर रेमिटेन्स खोल्नुभयो। राजनीतिकका साथसाथै त्यसमा पनि उहाँले समय दिन थाल्नुभयो। बुवा विदेशमा हुँदा संजय यादवले आफै पनि सानोतिनो आम्दानी गर्न थाल्नुभएको थियो । थोरै भएपनि कमाएर घरमा दिन थाल्नुभएको थियो । यसरी घरमा पैसा दिन थालेपछि संजय यादवमाथि रहेको आमा-बुवाको रिस केही कम भएको थियो। छोराले केही गरिरहेको छैन भनि चिन्ता उहाँहरुको कम भएको थियो। अहिले जनमतमा सक्रिय राजनीति गर्न थालेपछि उहाँका भाइ पप्पुले त्यो गणेश मनी ट्रान्सफर सम्हाल्नु भएको छ। बेलाबेलामा संजय यादवको पनि सहयोग हुन्छ । तर बढी समय उहाँका भाइले नै दिएका हुन्छन् । संजय यादव राजनीतिमा आउनु भन्दा पहिले समाजिक कार्यमा पनि संलग्न हुनुहुन्थ्यो । २०६४ मा भएको मधेश आन्दोलन हुँदा उहाँ मिर्चैयामा प्लस टुमा अध्ययन गरिरहनु भएको थियो । विद्यार्थीको रुपमा उहाँ मधेश आन्दोलनमा सहभागी हुनु भएको थियो । २०६४ मा भएको संविधान सभाको चुनावमा विजय यादव उठ्नु भएको थियो। उहाँलाई जिताउनका लागि संजय यादव स्कुल छाडेर निकै मेहनत गर्नुभएको थियो । आफ्ना युवा साथीहरुलाई साथमा लिएर विजय यादवलाई जिताउने अभियान नै चलाउनु भएको थियो । त्यही विजय यादवलाई अहिलेको प्रदेश सभामा संजय यादवल पराजित गर्नुभएको छ ।

उहाँ विभिन्न समाजिक संस्थाहरु गठन गरेर युवाहरुको साथमा केही नकेही गरिरहनु हुन्थ्यो। सेभ द चिल्ड्रेनमार्फत गठन गरिएको युवा सञ्जाल सिरहको अध्यक्ष हुनुहुन्थ्यो । त्यसमार्फत युवाको विकासका लागि थुप्रै कार्यक्रम गर्नुभएको थियो । युवाका लागि हुने केन्द्रीय स्तरको कार्यक्रममा उहाँ सहभागी हुन जानुहुन्थ्यो। २०६६ मा भएको युवा नीति सम्मेलनमा सहभागी हुन काठमाडौंसम्म पुग्नुभएको थियो। उहाँले आफ्नो गाउँमा जनचेतना युवा क्लव गठन गर्नुभएको थियो । सो क्लवमार्फत पनि थुप्रै समाजिक कामहरु गर्नुभयो । सो क्लव अहिले पनि सक्रिय छ । २०७६ सालमा भारत विहारको धनजैयाका आभाकुमारी यादवसँग संजय यादवको विहे भएको हो । संजय यादवको तीन वर्षको एक छोरा दिव्यान्सु यादव हुन् ।

### अबको...

पनि गरिरहनु भएको छ । सत्ता गठबन्धनमा जसपा पनि सहभागी भयो भने सिके राउतलाई साथमा नलिए पनि त्यहाँ सरकार बन्नसक्छ ।

यता, जसपा-एमाले गठबन्धनसँग ३२ वटा सीट मात्र छ । केही ठाउँमा राप्रपासँग पनि एमालेको सहकार्य भएको कारण त्यो दललाई पनि साथ लियो भने ३३ सीट हुन्छ । सरकार बनाउनका लागि जसपा-एमाले गठबन्धनलार्य २१ सीट अपुग रहेको छ । त्यसका लागि जसपा-एमाले गठबन्धनले सत्ता गठबन्धनका चार दलबाहेक स्वतन्त्रसहित सबैको सहयोग लिनुपर्ने हुन्छ अनि मात्र एमाले अथवा जसपा-एमाले गठबन्धनको सरकार बन्छ। यसरी सीटसँख्या र गठबन्धनको मतसँख्या हेर्दा सजिलो तरिकाले सत्ता गठबन्धनको सरकार बन्ने सम्भावना बढी देखिएको छ। प्रदेशमा कसको नेतृत्वमा सरकार बन्छ त्यो केन्द्र सरकार गठनमा भरपर्ने बताइन्छ । केन्द्रमा कस्तो समिकरण बन्छ। त्यही अनुसार प्रदेश सरकार गठन पनि हुने बताइएको छ । केन्द्रमा एमाले, माओवादी, जसपालगायतका दलहरु मिलेर सरकार बन्यो भने जसपाका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेशमा सरकारको नेतृत्व आफ्नो दलले गर्ने भनि दावी गर्ने बताइएको छ । सत्ता गठबन्धनमा काँग्रेससँग कुरा मिलेन भने माओवादी, एमालेसहितको वामगठबन्धनको सरकार बन्नसक्छ । त्यसमा जसपालगायतका अन्य दलहरु पनि सहभागी हुने गरि गृहकार्य भइरहेको छ।

जसपा नेतृत्वमा सरकार बन्यो भने त्यसको नेतृत्व पुनः लालबाबु राउतले गर्ने नै जसपाका नेताहरु बताउनुहुन्छ । मधेश प्रदेश सरकारको मुख्यमन्त्री बन्ने दौडमा रहनुभएका विजय यादव, शैलेन्द्र साह चुनावमा पराजित हुनुभएको छ। मुख्यमन्त्री बन्ने खालको एकजना अहिले देखिएको लालबाबु राउत नै हुनुहुन्छ। धनुषाबाट चुनाव जित्नुभएका रामअशिष यादव पनि मुख्यमन्त्रीका दावेदार हुनुहुन्छ। सत्ता गठबन्धनको सरकार बन्यो भने त्यहाँ लोसपाले नै सरकारको नेतृत्व गर्ने दावी गर्नेछ । काँग्रेससँग गठबन्धनका लागि वार्ता गर्दा लोसपालाई मधेश प्रदेश सरकारको नेतृत्व दिने सहमति भएको सो दलका नेताहरु बताउनुहुन्छ । लोसपाका एक नेताले भन्नुभयो, 'लोसपाको नेतृत्वमा सरकार बन्यो भने त्यसका लागि सो पार्टीका कार्यकारिणी सदस्य जितेन्द्र सोनल तयारी अवस्थामा हुनुहुन्छ । उहाँ नै मुख्यमन्त्री बन्ने लगभग निश्चित छ ।' जनमत पार्टीले सरकारको नेतृत्व गर्न पायो भने सो पार्टीबाट चन्दन सिंह मुख्यमन्त्री बन्ने चर्चा सुनिएको छ। चन्दन सिंह प्रदेश सभामा समानुपातिकबाट आउने लगभग निश्चित भइसकेको छ। सरकार नेतृत्व गर्ने गरि जनमतले अन्य दलहरुसँग छलफल सुरु गरेको छ । तर मधेश प्रदेशमा लोसपा, जसपा, जनमतलाई सरकारको नेतृत्व गर्न दिने पक्षमा एमाले-काँग्रेस देखिएको छैन । काँग्रेसको नेतृत्वमा सरकार बन्यो भने सो पार्टीका मधेश प्रदेश समितिका सभापति कृष्ण यादव र धनुषाका पूर्व सभापति रामसरोज यादवमध्ये एकजना मुख्यमन्त्री बन्ने लगभग पार्टीभित्र तय भएको छ । एमालेबाट मुख्यमन्त्री बनाउने अवस्था आयो भने बाराका देवनारायण चौधरी, सिरहाका सत्रुधनप्रसाद सिंह कोइरी, धनुषाका हरिनारायण महतो रहेको सो पार्टीका मधेश प्रदेशका अध्यक्ष रामअवतार यादव बताउनु हुन्छ। उहाँले सहमति बन्न सक्यो भने जसपाको नेतृत्वमा पनि सरकार बन्नसक्छ। गठबन्धन बनाउने बेला जसपालाई मधेश प्रदेशको नेतृत्व दिने सहमति भएको थियो। त्यसको आधारमा जसपाले पनि दावी गर्नसकिने बताउनुभयो।

### झण्डा...

रहनु भएका राज्यमन्त्री योगेन्द्र राय यादवले पाँच हजार ७२९ मतमा थन्किनु भएको छ। मधेश सरकारका उद्योग, पर्यटन तथा वन राज्यमन्त्री नागेन्द्रराय यादव पनि रौतहट ३ (क) बाट पराजित हुनुभएको छ । सो क्षेत्रमा प्रदेश सभा सदस्यका लागि उम्मेदावरी दिएका राज्यमन्त्री यादव स्वतन्त्र उम्मेदवार केशवराय चौधरीबाट पराजित हुनुभएको छ । उद्योग, पर्यटन तथा वन मन्त्री एवं नेकपा (एस) का नेता सत्रुधन महतो पनि धनुषा ४ (ख) मा हरिनारायण महतोसँग पराजित हुनुभएको छ ।


**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

*जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**





साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोनः ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेलः metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू


**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्धण** : पारू अफसेट प्रेस, डिल्लीबजार